# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक ११४ | काठमाडौं | मंगलबार, ३० साउन २०८० | Prabhab National Daily | Tuesday, August 15, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




## सभामुखको पक्षपातपूर्ण व्यवहार

■ प्रभाव संवाददाता

**काठमाडौं–** ३० जेठ २०३० मा तत्कालीन कांग्रेस नेता गिरिजाप्रसाद कोइरालाको योजनामा हवाईजहाज अपहरण गरिएको घटना नेपाली राजनीतिमा 'प्लेन हाइज्याक'को नामले चर्चित छ। राजनीतिमा पारिभाषिक शब्दको रूपमा 'हाइज्याक'को प्रयोग खासै हुँदैन ।

सोमबार भने पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले संसद्लाई प्रमुख विपक्षी दल नेकपा एमालेले कब्जा गरेको अर्थमा 'संसद् हाइज्याक' भएको टिप्पणी गरे । त्यसमा सभामुख देवराज घिमिरेको पनि भूमिका आलोचनायोग्य भएको भन्दै उनले असन्तुष्टि प्रकरण गरे।

- सोमबार संसद्मा रवि लामिछाने सभामुख देवराज घिमिरेको पक्षपातपूर्ण व्यवहारको सिकार बने
- त्यसपछि रूष्ट लामिछानेले संसद् नेकपा एमालेले 'हाइज्याक' गरेको टिप्पणी गरे
- सोमबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकमा माओवादी केन्द्रले सभामुखको भूमिकामा प्रश्न उठाएको छ

'संसद् हाइज्याक भयो । हाइज्याक गर्न पाइँदैन । दल छाडेर सदन छिरेपछि त्यो सम्मानित कुर्सीमा बसेपछि दलको बन्न पाइँदैन,' सभामुख घिमिरेलाई लक्षित गर्दै लामिछानेले आक्रोश पोखे ।

सोमबार संसद्मा लामिछाने केही सार्वजनिक महत्त्वको सूचना दर्ज गर्न चाहन्थे । तर सभामुख घिमिरेको पक्षपातपूर्ण व्यवहारको सिकार बने लामिछाने । बैठकमा एमालेको अवरोधकै बीच नेपाली कांग्रेसका सांसद सुनिल शर्मालाई बोल्न दिए । तर एमालेको अवरोधबारे विरोध गर्न खोज्दा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेले सभामुखबाट समय नै पाएनन् ।

यसपछि संसद् भवनबाहिर पत्रकारहरूसँग सभामुखको भूमिका र एमालेको लगातारको अवरोधसँगै कांग्रेसको पनि पछिल्ला दिनमा संसद्मा देखिएको भूमिकाप्रति लामिछानेले विरोध गरेका हुन् ।

उनले यसअघि पनि सभामुख घिमिरेले संसद् बैठक सञ्चालनको क्रममा खेलेका भूमिकामाथि प्रश्न उठाएका थिए। १८ असारमा भारतीय व्यवसायी प्रितम सिंहले आफूलाई प्रधानमन्त्री बनाउन दिल्ली धाएको प्रधानमन्त्री पुष्पकमल दाहालले दिएको अभिव्यक्तिलाई लिएर राजीनामा माग्दै एमालेले संसद् अवरोध गर्दा त्यसबेला सभामुखले आफ्नो दलको धारणा राख्न नदिएको गुनासो गरेका थिए ।

'यसभन्दा दुई दिन अगाडि संसद्मा जुन किसिमले रास्वपालाई बाइपास गरेर आफ्ना कुराहरू राख्न दिइएन। त्यसमा हामी घोर आपत्ति जनाउन चाहन्छौं। हेक्का रहोस्, रास्वपाका आफ्नै मुद्दाहरू छन्,' २५ असारमा लामिछानेले सभामुखलक्षित चेतावनीको भाषा प्रयोग गरेका थिए ।

सोमबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकमा माओवादी केन्द्रले सभामुखको भूमिकामा प्रश्न उठाएको छ। सभामुखको काम कारबाही गलत भएको रिपोर्टिङ बैठकमा दलका तर्फबाट गरेको माओवादी केन्द्रका संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डेले बताए ।


'सदनमा के भएको हो हामीले रिपोर्टिङ गर्‍यौं । आज जे भयो, सभामुखले जे गर्नुभयो त्यो गलत गर्नुभयो भन्ने छलफल भएको छ,' पाण्डेले भने । सभामुख घिमिरेले संसद्मा खेल्दै आएको भूमिकाप्रति प्रश्न उठाउने माओवादी र रविमात्रै होइनन् । प्रतिपक्षमै रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले पनि पटक-पटक सभामुखले निष्पक्ष, तटस्थ र स्वतन्त्र रूपमा खेल्नुपर्ने भूमिकाप्रति शंकाले हेर्दै आएका छन् ।

संसद्मा कांग्रेस, एमाले र माओवादी मात्रै भए जसरी सभामुखले विभेदित व्यवहार प्रदर्शन गरेको उनले घरिघरी भन्दै आएका छन् । (बाँकी पृष्ठ २ मा)

# बरामद सुनले तरंगित राजनीति

## एमालेको अडान कायमै, सत्ता गठबन्धन हल न चल

- सय किलो भनिएको सुनको तौल करिब ६१ किलोमात्र, गालेपछि अझ घट्ने
- यही प्रकरणमा उच्चस्तरीय छानबिन समिति माग गर्दै एमालेले सदन अवरूद्ध पार्नु एमालेको गैरजिम्मेवारी भएको कांग्रेसको ठहर
- सत्ता गठबन्धनको बैठकको निर्णय : उच्चस्तरीय छानबिन समिति गठन हुँदैन





**बालुवाटारमा सोमबार बसेको सत्ता गठबन्धनको बैठक (माथि) र संसद्मा उठेर विरोध जनाउँदै एमाले सांसदहरू ।**

*तस्बिर: रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** साउन ३ गते बरामद भएको सुन नेपाल राष्ट्र बैंकको टक्सार महाशाखाले गाल्न सुरु गरेको छ । सय किलो भनिएको सुनको तौल करिब ६१ किलोमात्र रहेको महाशाखा प्रमुख थानेश्वर आचार्यले बताए । 'ब्रेक शुबाट छुटयाएपछि सुन जोख्यौं, तौल ६० किलो ७८९ ग्राम रहेछ,' उनले भने, 'अब गालेर जोख्न बाँकी छ ।'

गालेपछि सुनको परिणाम अझै घट्नसक्ने आचार्यले बताए । सुनमा केही कालो पोतिएकाले परिमाण घट्नसक्ने महाशाखाको भनाइ छ। राजस्व अनुसन्धान विभागले सिनामंगलस्थित भन्सार कार्यालयबाट बाहिरिएको सुनसहितको १५५ किलो 'ब्रेक शु' बरामद गरेको थियो । बरामद गरिएको सुनसहितको ब्रेक शु टक्सार महाशाखामा राखिएको थियो ।

सुन बरामद भएको १९ दिनपछि प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशनमा सुन प्रकरणको अनुसन्धानको जिम्मा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई दिइएको थियो। सिआइबीको पत्रपछि सोमबारबाट सुन गाल्नेलगायतका प्रक्रिया सुरु गरिएको हो ।

### एमालेको अडान कायमै

सुन प्रकरण छानबिनका लागि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले आफ्नो अडान कायमै राखेको छ। एमालेले साउन १० गतेबाट सदन अवरुद्ध पार्दै आएको हो। सोमबारको बैठक पनि एमालेले अवरुद्ध गरेको छ। सुन प्रकरण छानबिनका लागि उच्चस्तरीय छानबिन समिति नबनेसम्म पछि नहट्ने एमालेले जनाएको छ ।

एमालेको यो कदमलाई कांग्रेसले भने गैरजिम्मेवार भनेको छ। 'सदनमा जनताको आवाज उठ्ने वातावरण बन्नुपर्छ । लामो समयसम्म सदन अवरुद्ध पार्नु गैरजिम्मेवारी हो,' कांग्रेस संसदीय दलको निर्णय सुनाउँदै सोमबार प्रमुख सचेतक रमेश लेखकले भने । सदन खुलाउन कांग्रेसले प्रमुख प्रतिपक्षी दल एमालेलाई विशेष अपिलसमेत गरेको छ । सदन अवरुद्ध भएका कारण एकातर्फ जनताका विषयमा कुरा राख्न पाएको छैन भने अर्कोतर्फ महत्त्वपूर्ण विधेयक कानुन बन्न सकेका छैनन्,' उनले भने, 'कांग्रेस संसदीय दलको बैठक अवरुद्ध संसद् खोल्न पहल गर्ने निर्णय गर्दछ। प्रमुख प्रतिपक्षी दललाई सदन (बाँकी पृष्ठ २ मा)

### छानबिन समिति नबनाउने निर्णय

सत्तारुढ गठबन्धनले सुन प्रकरण छानबिनमा प्रहरीको अनुसन्धान ब्युरो (सिआइबी)कै भरपर्ने निर्णय गरेको छ। सत्ता गठबन्धनका प्रमुख हिस्सेदार कांग्रेसले यसअघि नै सिआइबीलाई विश्वास गर्नुपर्ने बताउँदै आएको थियो। सोमबार साँझ बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकले उच्चस्तरीय छानबिन समिति गठन नगर्ने निर्णय गरेको एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले बताए । (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# २८ म्यानपावर कम्पनी जसले वर्षभरिमा १० जना श्रमिक पनि पठाउन सकेनन्

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि नेपाली श्रमिक विदेश पठाउन इजाजतपत्र लिएका २८ म्यानपावर कम्पनीले एक आर्थिक वर्षमा १० जनासम्म पनि पठाउन नसकेको देखिएको छ । एक आर्थिक वर्षमा १०० जना श्रमिक विदेश पठाउनैपर्ने कानुनी प्रावधान रहे पनि गत आव २०७९/८० मा ती म्यानपावर कम्पनीले १० जना श्रमिक पनि विदेश पठाउन नसकेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ ।

> वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिएका ८६७ म्यानपावर कम्पनीले गत आर्थिक वर्षमा चार लाख तीन हजार ६४१ जना श्रमिकलाई वैदेशिक रोजगारीमा पठाएका थिए । जसमध्ये २८ वटा म्यानपावरले भने १०/१० जना श्रमिक पनि पठाउन नसकेको पाइएको हो ।

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिएका ८६७ म्यानपावर कम्पनीले गत आर्थिक वर्षमा चार लाख तीन हजार ६४१ जना श्रमिकलाई वैदेशिक रोजगारीमा पठाएका थिए । जसमध्ये २८ वटा म्यानपावरले भने १०/१० जना श्रमिक पनि पठाउन नसकेको पाइएको हो । वर्षभरिमा १० जनामात्र नभई एक/एक जनामात्रै पठाउने म्यानपावर कम्पनी पनि विभागको तथ्यांकमा देखिएको छ। तीनवटा कम्पनीले एक वर्षमा एक/एक जनामात्रै श्रमिक विदेश पठाएका छन् ।

त्यस्तै २५ वटा म्यानपावरले १० जना कटाए पनि वर्षभरिमा वैदेशिक रोजगारीका लागि २० जनासमेत पठाउन सकेका छैनन् । समग्रमा २० जना पनि पठाउन नसक्ने म्यानपावरको संख्या ५३ वटा रहेको छ। जसअन्तर्गत ४८३ जना श्रमिकले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको विभागको तथ्यांकले देखाएको छ ।

त्यस्तै २० भन्दा बढी ५० जना श्रमिक विदेश पठाउने म्यानपावरको संख्या ६३ रहेको छ । ५० भन्दा बढी १०० भन्दा कम पठाउनेको संख्या ९९ रहेको छ । सय संख्या पुर्‍याउन नसक्ने म्यानपावर कानुनतः खारेज हुनुपर्ने भए पनि सरकारलाई विविध कारण देखाउँदै नवीकरण हुँदै आएका छन् । गत हप्ता श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आयोजना गरेको पत्रकार अन्तरक्रिया कार्यक्रममा वर्षभरिमा १०० जना श्रमिकसमेत वैदेशिक रोजगारीमा पठाउन नसक्ने म्यानपावरको सञ्चालन खर्च कहाँबाट आउँछ वा अन्य धन्दा के हुन सक्छ खोजी गर्नुपर्ने आवाज उठाइएको थियो । करोडौं रूपैयाँ धरौटी राखेर व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावरहरूले वर्षमा १०० जना पनि वैदेशिक रोजगारीमा पठाउन नसकेपछि सरकारले वैदेशिक रोजगार ऐन २०६४ नै संशोधन गर्ने गरी संसद्मा विधेयक पेस गरेको छ ।

वैदेशिक रोजगार ऐन २०६४ र नियमावलीले पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष न्यूनतम १०० जना कामदार रोजगारीका लागि विदेश पठाउन नसके वा पठाएको प्रमाणित हुने कागजात पेस गर्न नसके म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण नभई खारेज हुने व्यवस्था गरेको छ । तर, कोरोना महामारीका कारण व्यवसाय नै संकटमा परेको भन्दै व्यवसायीहरूको अनुरोधमा सरकारले केही वर्षयता बाधा अड्काउ फुकाउमार्फत १०० जना कामदार पठाउन नसकेका म्यानपावरहरूको इजाजतपत्र नवीकरण गर्दै आएको छ ।

यसअघि वैदेशिक रोजगार व्यवसायमा बेथिति देखिएको भन्दै तत्कालीन श्रममन्त्री गोकर्ण विष्टको सक्रियतामा वर्षमा १०० जना श्रमिक विदेश पठाउन नसक्ने म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण नगरी खारेज हुने व्यवस्था लागू भएको थियो ।

## पोर्चुगल पठाइदिन्छु भन्दै ३९ लाख ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पोर्चुगलमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै तीन जनासँग रकम संकलन गरी फरार रहेको आरोपमा उमेश सेती सुरुवाललाई प्रहरीले पक्राउ गरेको हो ।

इलामको रोङ गाउँपालिका-६ स्थायी घर भई हाल काठमाडौं सिनामंगल बस्ने ३१ वर्षीय उमेशले सुरज श्रेष्ठसमेत तीन जनालाई पोर्चुगल जान प्रतिव्यक्ति १३ लाख रूपैयाँ लाग्ने भन्दै पीडितसँग पटक-पटक गरी ३९ लाख रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ । पोर्चुगलको एक प्रतिष्ठित कृषि कम्पनीमा मासिक एक लाख रूपैयाँभन्दा बढी आकर्षक तलब हुने गरी काम लागाइदिने प्रलोभनमा पारी रकम लिएर फरार रहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ। उमेशलाई खोजतालासका क्रममा बौद्धबाट पक्राउ गरिएको बताइएको छ ।

उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको बताइएको छ। पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।


जनहितमा जारी सन्देश

आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?

भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।

घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।
दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## साउनको अन्तिम सोमबार

# दुई लाख भक्तजनले गरे पशुपतिनाथमा दर्शन



■ प्रभाव संवाददाता

**काठमाडौं–** सौरमासअनुसार साउनको अन्तिम सोमबार दुई लाखभन्दा बढी भक्तजनले पशुपति क्षेत्र गई भगवान् पशुपतिनाथको पूजा, आराधना एवं दर्शन गरेका छन् । विगतका सोमबारभन्दा अन्तिम सोमबार पशुपतिनाथलगायत राजधानीका अन्य शिवालयमा भक्तजनको धेरै भीड देखिन्थ्यो ।

सौरमासअनुसार साउनको अन्तिम सोमबार बिहानैदेखि भक्तजनको धेरै लाम लाग्ने भएकाले यस दिन बिहान ३ बजेदेखि नै पशुपतिनाथका चारै ढोका खुला गरिएको पशुपति क्षेत्र विकास कोष संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशंकर पराजुलीले जानकारी दिए । पशुपतिनाथमा सोमबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ, नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि र सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालले पनि दर्शन गरेको कोषले जनाएको छ ।

पशुपतिनाथलगायत राजधानीका शिवालयमा विशेषगरी साउने सोमबारको व्रत बसेका महिला भक्तजनको सोमबार दिनभर लाम लागेको थियो । रातो र हरियो पहिरनमा सजिएका महिला भक्तजनमध्ये कतिपय भने तस्बिर खिच्न र टिकटक बनाउनकै लागि शिवालयमा आएका हुन् कि भनेजस्तो देखिने गरेको दर्शनार्थी राजेन्द्रप्रसाद श्रेष्ठले बताए । कोषले पशुपति क्षेत्रमा तीज एवं महाशिवरात्रिकै जसरी नै व्यवस्था गरेको थियो । भक्तजन जुन ढोकाबाट दर्शनका लागि छिरेका थिए, त्यसै ढोकाबाट निस्कने व्यवस्था गरिएको जनाइएको छ । पशुपतिनाथ मन्दिरमा रातिसम्म पनि भक्तजनको भीड थियो ।

यस वर्ष सौरमासअनुसार साउनमा पाँच सोमबार परेको छ । सौरमासअनुसार साउने सोमबारको अन्तिम दिन भए पनि यसपछि पनि चान्द्रमासअनुसार साउनका सोमबार भने बाँकी नै छन् । यस वर्ष सौरमासअनुसार साउन महिनामा अधिकमास (मलमास) परेकाले व्रत गर्न हुने वा नहुने भन्नेमा धर्मशास्त्रीबीच मतान्तर छ । एकथरी धर्मशास्त्रीले प्रत्येक वर्ष सौरमास अनुसारको साउन महिनामै गरिने व्रत भएकाले यो नित्यकर्ममा पर्ने तर्कसहित व्रत गरी त्यसको उद्यापन गर्नु हुने तर्क गरेका छन् ।

अर्काथरी धर्मशास्त्रीले भने अधिकमासमा भगवान् पुरुषोत्तमको मात्र पूजा, आराधना गरिने भएकाले चान्द्रमासअनुसारको साउन महिनामा मात्र व्रत र उद्यापन गर्नुपर्ने तर्क राखेका छन् । यस विषयमा निर्णय गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत रहेको नेपाल पञ्चांग निर्णायक विकास समितिले पनि यस विषयमा आधिकारिक निर्णय गरेको छैन । कुल, परम्पराअनुसार नै वर्तालुले साउनको सोमबारको व्रत गरेका छन् ।

साउनको अन्तिम सोमबार पशुपतिनाथमा बोलबमयात्रीको पनि भीड लागेको थियो । सुन्दरीजलस्थित बागमतीको मुहान क्षेत्रबाट शुद्ध जल ल्याई पशुपतिनाथ मन्दिरमा चढाउन भक्तजन आइतबार साँझ नै सुन्दरीजल पुगेका थिए । ती भक्तजनले सोमबार बिहान स्नान गरी सुन्दरीजलबाट शुद्ध जल ल्याएर पशुपतिनाथ मन्दिरमा चढाएका हुन् । बोलबम यात्रीलाई जल चढाउन पशुपतिनाथ मन्दिरमा एउटा ढोकाको व्यवस्था गरिएको संस्कृति संरक्षण महाशाखा प्रमुख पराजुलीले जानकारी दिए ।

पशुपतिनाथसँगै सोमबार राजधानीका गोकर्णेश्वर, नागेश्वर, डोलेश्वर, वसन्तपुरस्थित सानो पशुपतिनाथ भनेर चिनिने मक्खन महादेव मन्दिरलगायत राजधानीका शिवालयमा पनि भक्तजनको भीड लागेको छ । यसैगरी राजधानी बाहिरका ठूला, साना शिवालयमा पनि बिहानैदेखि भक्तजनको भीड लागेको जनाइएको छ ।

साउन महिनामा शिवालयमा शुद्ध जलसहित पूजा, आराधना गरेमा मनोकामना पूरा हुने शास्त्रीय मान्यता छ । साउनको सोमबार पारेर पशुपतिनाथ मन्दिरमा विशेष पूजा, आराधना गर्ने भक्तजन पनि धेरै हुने गर्छन् । साउने सोमबार सात हजार ५०० भन्दा धेरैको मात्र विशेष पूजा गर्न सकिने गरी व्यवस्था गरिएको कोषले जनाएको छ ।

पशुपतिनाथमा साँझ आरती हेर्न आउने भक्तजनको पनि भीड लाग्ने भएकाले पनि भक्तजन बेलुकीसम्म धेरै देखिएका हुन् । पशुपतिनाथमा बेलुका भक्तजन आएसम्म सौरमासअनुसार साउनको अन्तिम सोमबारको दर्शन गर्न दिइने कोषले जनाएको छ ।

## बरामद सुनले...

पृष्ठ १ बाट जारी

खुलाउन अपिल गर्दछ ।'

कांग्रेस संसदीय दलको निर्णय आएको केही बेरमै सोमबार एमालेले सदन अवरुद्ध पारेको थियो । एमाले सांसद मानवीर राईले बैठकको सुरुमै बोल्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुन तस्करीको 'ट्राञ्जिट प्वाइन्ट' भएको भन्दै उक्त प्रकरणमा उच्चस्तरीय छानबिन आयोग गठनको माग गरे र सदन अवरुद्ध कायम रहेको अवगत गराएका थिए । तत्पश्चात् सभामुख देवराज घिमिरेले सदनको नियमित कारबाही अघि बढाउन पटक-पटक आग्रह गर्दा एमालेका सांसदहरूले नाराबाजी जारी राखेपछि बैठक स्थगित भएको हो । प्रतिनिधिसभाको अर्को बैठक आगामी भदौ ३ गते आइतबार १ बजे बस्नेछ ।

**सुन प्रकरणबारे कांग्रेसको निर्णय यस्तो**

सत्तारुढ दल नेपाली कांग्रेसले सुन तस्करी प्रकरणमा संलग्न जोसुकै भए पनि अनुसन्धान र छानबिनको दायराभित्र ल्याई कानुनी कारबाही गर्नुपर्ने जनाएको छ ।

बैठकले यस्ता कार्यमा संलग्न जोसुकै भए पनि अनुसन्धान, छानबिनको दायराभित्र ल्याई कानुनी कारबाही गर्नुपर्ने निर्णय गर्दै यस्ता कार्यका लागि अनुसन्धान, छानबिन र अभियोजन गर्ने प्रयोजनका लागि नै गठित भएको केन्द्रीय अनुसन्धान ब्युरोलगायत सरकारी निकायहरूले अनुसन्धान गरिरहेको जनाएको छ । बैठकले नेपाल सरकारलाई यस घटनाबारे निष्पक्ष, स्वतन्त्र र गहिराइका साथ अनुसन्धान, छानबिन गरी घटनामा संलग्न जोसुकै भए पनि अभियोजन गरी कानुनी दायरामा ल्याउन अनुरोध गरेको प्रमुख सचेतक लेखकले जानकारी दिए ।

## सभामुखको...

पृष्ठ १ बाट जारी

गत वर्षको ४ माघमा प्रतिस्पर्धी कांग्रेसकी ईश्वरी न्यौपानेलाई पराजित गर्दै सभामुख निर्वाचित भएपछि घिमिरेले प्रभावकारी ढंगले सञ्चालन गर्ने बताएका थिए । त्यसका लागि विधि र प्रक्रियाअनुसार चल्ने उनको प्रतिज्ञा थियो । तर, उनीमाथि अघिल्लो संसद्मा तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाको भूमिकाप्रति जसरी एमालेले प्रश्न उठायो, अहिले घिमिरेविरुद्ध उत्तिकै प्रश्न उठिरहेको छ ।

घिमिरेमा एमाले मोह झल्किएको सत्तापक्ष र साना विपक्षी दलका नेताहरू आरोप लगाउँछन् । हुन पनि असारको २० पछिका मात्रै केही प्रतिनिधिमूलक घटनाले पनि आरोपलाई पुष्टि गर्न सघाउ पुऱ्याउँछ ।

२० असारमा एमालेले प्रधानमन्त्री दाहालको राजीनमा मागिरहेका बेला सोही दलका सांसद रघुजी पन्तलाई लामो समय बोल्न दिएका सभामुखले माओवादी सांसद छिरिङल्हामु तामाङ बोल्दाबोल्दै बैठक नै स्थगित गरेको घोषणा गरे । २२ असारमा प्रधानमन्त्रीले आफूविरुद्ध उठेका प्रश्नको जवाफ दिने क्रममा बीचैमा एमाले सांसद सूर्य थापालाई प्रश्नको समय दिएका थिए । त्यसपछि एमालेकै रघुजी पन्तलगायत चार जना सांसदलाई बोल्न समय दिए । त्यसबेला प्रधानमन्त्री दाहाल रोस्ट्रममा उभिएर असंसदीय अभ्यासको रमिता हेरिरहेका थिए ।

यी केही घटनाले पनि सभामुख घिमिरेको एमालेप्रतिको आशक्ति संसद्मै प्रकट हुने गरेको देखाउने गरेको स्वरहरू सुनिँदै आएको छ । यहीबीच सोमबार त संसद्को चौथो दल रास्वपा सभापति लामिछानेले सभामुख घिमिरेको लुप्त भूमिकामा एमालेले संसद् हाइज्याक गरेको बताएका हुन् ।

सत्ता नेतृत्व दल माओवादीसँगै, कांग्रेस, जसपालगायत दलका सांसदहरू पनि सभामुखले संसद्मा खेल्ने भूमिकाबारे सन्तुष्ट छैनन् । सोही कारण प्रतिनिधिसभा नियमावली (२०७९) पारित गर्ने क्रममा सभामुख घिमिरेको अधिकार खुम्च्याउने प्रयास वर्तमान सत्तारुढ दलहरूले गरेका थिए । यसप्रति संविधानका जानकारहरू र एमालेले आपत्ति प्रकट गरे । त्यसपछि सत्तारुढ दलहरू पछि सरेका थिए ।

# पूर्वतयारीका कारण डेंगी संक्रमितको संख्या न्यून

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले समयमा नै डेंगी संक्रमण बढ्न नदिनका लागि पूर्वतयारी गरेकाले विगतको तुलनामा यस वर्ष संक्रमितको संख्या न्यून रहेको जनाएको छ । गत वर्ष साउनको अन्तिम हुँदा दैनिक संक्रमितहरूको संख्या १०/१५ जना हुन्थे । यस वर्ष हालसम्म जम्मा २५/३० जनामामात्रै संक्रमण पुष्टि भएको बताइएको छ ।

कामपा स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलका अनुसार असारको पहिलो सातादेखि नै डेंगी रोग नियन्त्रण र फैलन नदिनका लागि जनचेतनामूलक कार्यक्रमसँगै लार्भा खोज र नष्ट गर अभियान सञ्चालन गरेकाले विगतका वर्षमा भन्दा कम संक्रमित भएका हुन् । समयमा नै पूर्वतयारीको कार्यक्रम मजबुत किसिमबाट गरिएको हुँदा त्यसबाट नियन्त्रणका लागि सहयोग पुगेको र संवेदनशील अवस्था नआएको प्रमुख पौडेलको भनाइ छ । कामपाले असारदेखि नै ३२ वटै वडा कार्यलयको नेतृत्वमा प्रत्येक दिन जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ ।

अहिले रोगको अवस्था सामान्य रहे पनि आवश्यक परे तयारी अवस्थामा रहेको भन्दै प्रमुख पौडेलले संक्रमण देखिए वडा प्रवर्द्धन केन्द्रमार्फत सहज रूपमा सिटामोल र जीवञ्जल उपलब्ध गराइएको बताए । उनका अनुसार उक्त संक्रमण नियन्त्रणका लागि नगर प्रहरीमार्फत टोलटोलमा डेंगीबाट बच्ने सन्देशसहित माइकिङ गर्ने, प्रचारप्रसार गर्ने, वडास्तरमा गठन भएको द्रुत प्रतिकार्य टोलीसमेत परिचालन गरिएको छ ।

त्यसैगरी सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र क्लिनिकमा कार्यरत स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेविका, सरसफाइमा काम गर्ने सरसफाइकर्मीले आ-आफ्नो टोल-टोलमा गई पानी जमेको स्थानमा कुचो वा अन्य साधनको प्रयोग गरी पानी हटाउने, वर्कसप तथा टायरलगायत सडक किनारामा राखिएको वस्तुमा पानी जम्न नदिनेजस्ता कार्य गरिरहेका छन् । *रासस*

## छानबिन समिति...

पृष्ठ १ बाट जारी

'लामो समयदेखि संसद् अवरुद्ध छ । प्रतिपक्षीहरूले उच्चस्तरीय छानबिन समिति माग गरिरहेको छ । उच्चस्तरीय छानबिन समितिको माग गर्नु अहिले भइरहेको छानबिनलाई अवरोध गर्नु हो,' उपाध्यक्ष पाण्डेले गठबन्धनको बैठकपछि भने । लाउडा विमान विवाद प्रकरणमा ५७ दिनसम्म संसद् अवरोध गर्दा एमाले विनाकारण पछाडि हट्नुपरेको उदाहरण दिँदै पाण्डेले सुन प्रकरणमा पनि एमाले पछि हट्ने दाबी गरे ।

'विगतमा लाउडा विमान विवाद प्रकरणमा ५७ दिनसम्म संसद् अवरोध भएको थियो । त्यो अवरोध गर्ने एकजना नेतृत्वकर्ता म पनि हुँ । एमालेको प्रमुख सचेतकको हिसाबले । केही दिनचाहिँ मजै भएथ्यो । त्यसपछि आपत् पऱ्यो । सरकारले वार्ता गर्दैन । हामीले माग छाड्न मिलेन,' पाण्डेले भने, 'उपलब्धि शून्य । लास्टमा चिसै पानीले नुहाएर फर्कनुपऱ्यो । यही हालत हुन्छ साथीहरू । उच्चस्तरीय छानबिन समिति बन्दैन ।'

## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


साउन ३० गते २०८०, मंगलबार

| | |
|---|---|
| मेष | विद्यार्थीका लागि राम्रो योग छ । |
| वृष | रोकिएको काम बन्नेछ । |
| मिथुन | टाढाको यात्रा फलदायी हुनेछ । |
| कर्कट | सामाजिक कार्यमा समय बित्नेछ । |
| सिंह | शैक्षिक प्रगति तर आर्थिक क्षति हुनसक्छ । |
| कन्या | स्वास्थ्यमा समस्या आउनसक्छ । |
| तुला | नयाँ कामको थालनी हुनेछ । |
| वृश्चिक | सवारीसाधन चलाउँदा ध्यान दिनुहोला । |
| धनु | मित्रजन र आफन्तसँग भेटघाट हुनेछ । |
| मकर | आर्थिक क्षेत्रमा प्रगति हुनेछ । |
| कुम्भ | सामाजिक प्रतिष्ठामा दाग आउनसक्छ । |
| मीन | नजिकको मान्छेबाट धोका हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन ३० गते, २०८०, १५ अगस्ट, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिङेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# संघीय शिक्षा विधेयक छिटो संसद्मा दर्ता गर्न आग्रह




■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय संसद्का सदस्य, शिक्षाविद् र शिक्षा क्षेत्रका सरोकारवालाले संविधानको मर्मबमोजिम सार्वजनिक शिक्षाको सुधारलाई केन्द्रमा राखेर संघीय शिक्षा विधेयक छिटो संसद्मा दर्ता गर्न आग्रह गरेका छन् ।

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई) नेपालले सोमबार यहाँ आयोजना गरेको 'संघीय शिक्षा ऐनमा खबरदारी' विषयक छलफलमा सांसदहरूले विधेयक छिटो ल्याउन प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले विगतमा निर्देशन दिइसकेको स्मरण गराउँदै मन्त्रिपरिषद्बाट यही १६ गते पारित भएको विद्यालय शिक्षासम्बन्धी विधेयकको मस्यौदाबारे आफूहरू बेखबर रहेको जनाए ।

विधेयकमा तत्कालीन उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५ का सुझावहरूको पालना हुनुपर्नेमा वक्ताहरूको जोड थियो । प्रस्तावित विधेयकमा निजी विद्यालयलाई गुठीमा रूपान्तरण, सामुदायिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा सम्बन्धित वडाध्यक्ष, राहत शिक्षकको व्यवस्थापन आदि विषयमा सार्वजनिक बहस उत्पन्न भएका सन्दर्भमा आयोजित कार्यक्रममा वक्ताहरूले सरकारले विधेयकको मस्यौदामाथि आफूहरूसँग परामर्श नगरेका चिन्ता प्रकट गरेका थिए ।

नेपाली कांग्रेसका नेता एवं सांसद अर्जुननरसिंह केसीले संविधानका प्रावधानविपरीत स्वार्थ समूह केन्द्रित विधेयक आउने चिन्ता नागरिक क्षेत्रबाट आएको उल्लेख गर्दै संविधानको भावनाबाट विमुख नभई शिक्षकका पेसागत संस्थासँगको सहमति र निजी विद्यालयको सम्पत्तिको अधिकारलाई सम्मान गरिनुपर्ने बताए ।

'विधेयक बनाउँदा सामुदायिक विद्यालय क्षेत्रको गुणस्तरवृद्धिका लागि सम्पूर्ण ध्यान दिनुपर्छ,' पूर्वशिक्षामन्त्री केसीले भने, 'विद्यालय व्यवस्थापन समितिको नेतृत्व वडाध्यक्षलाई नभई अभिभावकहरूलाई दिनुपर्छ ।'

नेकपा एमालेका सांसद विद्या भट्टराईले संविधानलाई कार्यान्वयन गर्नका लागि विधेयक आवश्यक भएकाले त्यसको मर्म र भावनाविपरीत जान नहुने उल्लेख गर्दै विद्यार्थीलाई केन्द्रमा राखेर कानुन तर्जुमा गर्न सुझाव दिए । संसद्को शिक्षा समितिका सदस्य भट्टराईले समितिले शिक्षामन्त्री र सचिवसमेतलाई बोलाएर छिटो विधेयक ल्याउन निर्देशन दिएको बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा.तोसिमा कार्कीले लोकतान्त्रिक गणतन्त्रको व्यवस्था आइसके पनि २०२८ सालको शिक्षा ऐनका भरमा शिक्षा क्षेत्र सञ्चालन भएको जनाउँदै संसद्मा विधेयक प्राप्त भएपछि सार्वजनिक बहसमा ल्याएर पारित गराउन आफूहरू तत्पर भएको बताए । नेकपा एकीकृत समाजवादीका सांसद भानुभक्त जोशीले चाँडोभन्दा चाँडो शिक्षा विधेयक ल्याउन दबाब दिनुपर्ने धारणा राखे ।

शिक्षाविद् केदारभक्त माथेमाले समाजका सबै वर्गको प्रतिनिधित्व हुने सामुदायिक विद्यालयको गुणस्तर माथि उठाउने गरी नीति र कानुन ल्याउन आग्रह गर्दै शिक्षामा अति व्यापारीकरण स्वीकार्य नहुने बताए । सामुदायिक विद्यालयमा समुदायको अपनत्व र राज्यको लगानी बढाउन पनि उनले सुझाव दिए ।

शिक्षाविद् डा. विद्यानाथ कोइरालाले खबरदारीका माध्यमबाट नभई समझदारीका माध्यमबाट विवादको निकास खोज्नुपर्ने भन्दै राजनीतिक दलका भनाइ र गराइबीच तालमेल नहुँदा विधेयक आउन ढिलाइ भएको र स्वार्थ समूहको चलखेल देखिएको टिप्पणी गरे । शिक्षाविद् डा. विनय कुसियतले शिक्षा सार्वजनिक वस्तु भएकाले यसलाई निजी वस्तु मिसाउन नमिल्ने भनाइ राखे । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले बालबालिकाको स्वार्थलाई केन्द्रमा राखेर विधेयक आउनुपर्ने जनाउँदै विद्यालय शिक्षाको सञ्चालन, पाठ्यक्रम, परीक्षा व्यवस्थापनका विषयमा स्पष्टता आउनुपर्ने बताए ।

नेपाल शिक्षक महासंघका अध्यक्ष कमला तुलाधरले शिक्षकका माग मुद्दा र विगतका सहमतिका आधारमा विधेयक तयार नभएकाले आफूहरू आन्दोलित भएको जनाए भने सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ, नेपालका अध्यक्ष गुणराज मुक्तानले सामुदायिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा अभिभावकमध्येबाटै नेतृत्व हुनुपर्ने माग गरे ।

तत्कालीन उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५ का सदस्यहरू डा. बाबुराम अधिकारी, विमल फुयाँल, बाबुराम थापा, लक्ष्मण शर्मा र चक्रमान विश्वकर्माले मिहेनत गरेर बनाइएको उक्त प्रतिवेदन सार्वजनिक भई कार्यान्वयन हुनुपर्नेमा जोड दिएका थिए । एनसिई नेपालका अध्यक्ष राजेन्द्र पहाडीले विधेयकलाई स्वार्थ समूहको दबाबका आधारमा दर्तामा ढिलाइ भएको सवालमा नागरिक शिक्षबाट निरन्तर खबरदारी गरिने जनाए ।

# मुगु जिप दुर्घटनामा चार जनाको मृत्यु

**मुगु–** मुगु जिप दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या चार पुगेको छ । मृतक र घाइते सबैको पहिचान खुलेको प्रहरी नायब उपरीक्षक महेश बस्नेतले जानकारी दिए ।

प्रनाउ बस्नेतका अनुसार मृत्यु हुनेमा हुम्ला जिल्ला सर्केगाड-२ रिपगाउँका एकै नाम थारका दुई जना राम परियार, सोही ठेगानाका प्रकाश बोहोरा र पिउस परियार रहेका छन् ।

यस्तै गम्भीर घाइतेहरूमा मुगु जिल्ला सोरु गापा-७ सीप गाउँका चालक दिनेश लावड, सोरु-५ का गोविन्दा शाही र सोही वडाका वडा सदस्य लोकजङ नेपाली रहेका छन् । त्यस्तै सोरु-६ कै सेरे रोकाया र हुम्ला सिमीकोट-२ का उदीप बोहोरा पनि घाइते भएका छन् ।

गमगढी बजार र नेपालगञ्ज जान जिप चढेका पाँचजना हुम्लीमध्ये चार जनाको मृत्यु भएको छ ।

सोमबार बेलुका ४ बजे सोरु गाउँपालिकाबाट मुगु जिल्ला सदरमुकाम गमगढीतर्फ आउँदै गरेको ग१ज ७७६२ नंको बोलेरो जिप सोरु गाउँपालिका-७ चिप्लेगाडामा दुर्घटना भएको थियो । जिप सडकबाट दुई सय मिटर तल खसेको थियो । *रासस*

# 'जनताका कामलाई पहिलो प्राथमिकता दिन्छु'

**काठमाडौं (प्रस)–** नवनियुक्त संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनितादेवी साहले जनतालाई केन्द्रमा राखेर प्रभावकारीरूपमा सेवा प्रवाह गर्ने बताएकी छन् ।

सिंहदरबारस्थित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सोमबार पदभार ग्रहण गर्दै उनले सहज र छरितो ढंगले जनतालाई सेवा दिनु नै आफ्नो पहिलो प्राथमिकता भएको उल्लेख गरिन् । मन्त्री साहले संघीयतालाई कायम राख्दै सुशासनयुक्त प्रभावकारी सेवा प्रवाह दिनेमा अग्रसर रहनेसमेत प्रतिबद्धता व्यक्त गरिन् । आमनागरिकलाई सहज र सुलभ सेवा कसरी दिनेभन्ने बारेमा आफू सचेत रहेको उनको भनाइ छ ।

त्यस्तै निवर्तमान संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले नवनियुक्त मन्त्री साहलाई स्वागत गर्दै आफूले गर्न नसकेको काम पूरा गर्न सुझाव दिए । उनले भने, 'संघीय ञ्जिामती सेवा ऐनदेखि संविधानले दिएको स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्रसम्बन्धी विधेयक अगाडि बढाउन सकिन नवनियुक्त मन्त्रीले यसलाई पूरा गर्ने विश्वास लिएको छु ।'

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMER SALEM MOHAMMED AL MAHRI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/०४/२९ | LT. No. 290945 | चलानी नं. ६०२०६१४३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 1000 | ३५४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HEAVY TRUCK DRIVER | 18 | | 1800 | ६३७२१ | | | | | | | |
| 3 | Pickup Truck Driver | 6 | | 1800 | ६३७२१ | | | | | | | |
| 4 | Worker | 6 | | 1000 | ३५४०० | | | | | | | |

कम्पनी : AHMED MOHAMMED AL-ZWAIDI AL-MEHRI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/०४/२९ | LT. No. 290944 | चलानी नं. ६०२०६१४२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३५४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HEAVY TRUCK DRIVER | 18 | 0 | 1800 | ६३७२१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Rg — श्रम ईजाजत न .१२४५/०७३/०७४

**Raj Group Of Company Pvt.Ltd.**

Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Ghaith Eastern COntracting Est.

पूर्व स्वीकृति मिति: २०८०/०३/१ | पूर्व स्वीकृति मिति: २०८०/०४/२९ | LT. No. 287884 | चलानी नं. ६०२०२३४५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1100 | ३८९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.** Govt. License 1031/068/69

P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

## कुवेतमा निशुल्क वैदेशिक रोजगारको अवसर

**१.कम्पनी** Heavy Engineering Industries & Shipbuilding Co (K.S.C.)

पूर्व स्वीकृती मिति : 12/13/2021 | चलानी संख्या : | लट नं. 253785 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder (स्काफोल्डर) | 100 | | 160 | 68160 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Rigger Level 3 -रिगर लेवल ३ | 30 | | 160 | 68160 | | | | | | | |
| 3 | Scaffolding Foreman -स्काफोल्डर फोरम्यान) | 5 | | 250 | 106500 | | | | | | | |

अन्य सुविधाहरु : खाना, बस्न, मेडिकल, इन्सुरेन्स र यातायात खर्च कम्पनीले प्रदान गर्ने
आवश्यक योग्यता : पहिले नै ARAMCO वा KOC ,ADMOC मा काम गरेकोलाई प्राथमिकता दिइने सम्बन्धित काममा कम्तिमा २ वर्ष खाडि मुलुकको अनुभव र भेलोसी कार्ड हुनु पर्ने छ । उमेर २१ देखि ४० भित्र हुन पर्ने ।

अर्न्तवार्ता हूने स्थान :Job Orientaed Training Institute रानिवारी, सामाखुसी २९ काठमांडौमा:
भाद्र ७ र ८ गते २०८० (24&25-8-2023) मा हूने छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE — श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9851315983, 9846035174, 9851055165, 9818002688, 9851044323, 9861605199, 9841076393
Email:- visionhospitalityjobs@gmail.com| URL: www.vnvnepal.com

## नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**नेपालगंज, बाके**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/३० गते)**

यस नेपालगंज उप-महानगरपालिकाको बजार व्यवस्थापन कार्य अन्तर्गत २३ वटै वडामा कार्य गराउनु पर्ने भएकोले ईच्छुक फर्म, संस्था र कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीत पूर्वकक बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:-**

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व.०७८/०७९ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र बोलपत्रदाताले सार्वजनिक अनुगमन कार्यालयको **www.bolpatra.gov.np** बाट ठेक्काको लागि **download** तथा **upload** गर्न सक्ने व्यवस्था गरिएको छ । यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, नेपालगंज स्थित ग.१.१ (आन्तरिक राजश्व खाता) ४१३०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ **upload** गर्नु पर्नेछ । **Hard copy** प्रयोगमा ल्याईने छैन ।

२) दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताको रोहबरमा खोलिने छ । बोलपत्रदाता अनुपस्थित भएमा पनि कार्यालयको प्रतिनिधिको रहोबरमा बोलपत्र खोलिने छ ।

३) बोलपत्र खोल्ने दिनबिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

४) बोलपत्र फाराम साथ जमानत वापत तोकिएको रकम राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको धरौटी खाता नं.ग-३-४१३०१००३०३००००२ मा जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकार बाट विडवण्ड जारी गर्न सक्ने ईजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाबाट बोलपत्र दाखिला गर्न अन्तिम मितिबाट कम्तीमा १२० औं दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।

६) कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७) यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा बोलपत्रमा उल्लेख भएको सूचना र TOR मा उल्लेख भए बमोजिम र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कित्ताकाट खुलाउन हतारो

**अर्थमन्त्री डा. प्रकाशशरण महत अर्थतन्त्रलाई चलायमान बनाउन लागिपरेको दाबी गर्छन् । पछिल्लो समय जग्गामा कित्ताकाट रोकिँदा देशभर मन्दी आएको थियो । अहिले विस्तारै घरजग्गाको कारोबार बढ्न थालेको छ भने आर्थिक अवस्था पनि सुध्रन थालेको छ । सायद सरकारले नेपाली अर्थतन्त्रको बलियो आधार घरजग्गा व्यवसाय सोचेर हो कि, कित्ताकाट फुकुवा गर्न लागेको हो । सत्ताको प्रमुख हिस्सेदार नेपाली कांग्रेसले त आफ्नो संसदीय दलको बैठकबाटै निर्णय गरेर कित्ताकाट फुकाउन सरकारलाई अनुरोध गर्ने निर्णय गरिसकेको छ । यसले संकेत गर्छ यो सरकारले चाँडै कित्ताकाट खोल्दै छ ।**

**कित्ताकाट रोकिँदा बैंकदेखि वित्तीय संस्थाको पैसासमेत लामो समय फ्रिज भएको थियो । जसले गर्दा वित्तीय संस्थाको अपचलनसमेत बाहिरियो । अब कित्ताकाट खोल्दा सरकारले ध्यान पुऱ्याउनुपर्ने के विषय रहेछ भन्ने कुरा यो मन्दीबाट सिक्नैपर्छ । पहिले त सरकारले कित्ताकाट खोल्दा जग्गा वर्गीकरणमा विशेष ध्यान पुऱ्याउनैपर्छ । यसमा कृषि उत्पादन योग्य क्षेत्र र आवास क्षेत्र वर्गीकरण हुनैपर्छ । हालसालै भारतले बासमती चामल निर्यात प्रतिबन्ध गरेको घटनाबाट सरकारले पाठ सिक्नुपर्छ । कृषि क्षेत्र दिनानुदिन आवास क्षेत्र बन्दा उत्पादन घट्दो छ । अझ छिमेकी देशले निर्यात रोक्दा मौन नाकाबन्दीको मारमा जनता पर्न सक्छन् ।**

**यसैगरी जग्गा कित्ताकाटमा आवास क्षेत्र छुटचाइएको छ भनेमात्र बैंकबाट घरकर्जा दिने र कृषि क्षेत्रमा छ भने कृषि कर्जा दिनेगरी व्यवस्थापन गर्न सक्नुपर्छ । यसले कृषि क्षेत्रमा आवासको रूपमा विकास नगर्न घरजग्गा व्यवसायीलाई हतोत्साही पार्नेछ नै । यसैगरी मालपोत कार्यालयमा पनि यस्ता प्रयोजनका लागि प्रस्ट रूपमा विषय नै वर्गीकरण गर्नुपर्छ । यस्तो विषय नखुले रोक्का नगर्ने र फिल्डमै जानुपर्ने व्यवस्था गरेर कडाइ गर्नुपर्छ ।**

**सरकारले कित्ताकाट खुल्ला गर्दा अंशबण्डा र मोहयनी हकको सवालमा खुला गर्नुपर्छ । त्यसैगरी व्यक्तिले आफ्नो कृषि क्षेत्रमा घर बनाउन चाहन्छ तर कृषि क्षेत्रलाई असर नपर्ने प्रतिबद्धता जनाउँछ भने यसमा पनि नीति खुकुलो बनाउनुपर्छ । अहिले तीन तहको सरकार छ । जग्गा कित्ताकाटमा सरकारले व्यवस्थित नियम बनाउँदै लगेमा देशको विकास पनि प्रक्रियागत रूपमा बढ्दै जान्छ । जसका लागि स्थानीय तहका सरकारले योजना बनाएर बस्ती र कृषि जोन तोक्नुपर्छ । जसले गर्दा जनताहरू पहिरो र बाढीको प्रकोपबाट पनि बचोस् । त्यसैले सरकारले कित्ताकाट फुकुवा गर्दा यी विषयमा पनि ध्यान पुऱ्याओस् ।**

## मनन्योग्य

### चाणक्य नीति

शकटारलाई चिन्तित देखी चाणक्यले भने-'अमात्य नहडबडाउनुहोस्, केही कुरा छैन । चाणक्यले यो सबै परीक्षा गरेर आएको छ, मेरा पछाडि कुनै गुप्तचर छैन । साथै गुप्तचरलाई कसरी छकाइन्छ भन्ने पनि चाणक्यले जानेको छ ।'

चाणक्यका कुराले अमात्य केही निश्चिन्त भए । अनि चाणक्यले भने-'तात ! मध्यरात्रिमा कष्ट दिएकोमा क्षमाप्रार्थी छु । तर, के गरौँ भेट्न जरुरी थियो । त्यस दिनपछि भेष बदलेर अज्ञातबासमा बसेको छु । यस बिमा मैले धेरै सोचेँ र यो निष्कर्षमा पुगेँ ।

हामीले मगधको भावी राजा खोज्नुपर्छ । जो यस्तो व्यक्ति होस् वीर होस् । नन्दको अत्याचारबाट क्षुब्ध होस् र नन्दसँग प्रतिशोध लिने इच्छा भएको होस् '

शकटारले चाणक्यको यस्तो निर्णायक कुरा सुनी भने-'वत्स ! के तिमी जान्दछौँ तिमी के गर्न लाग्दैछौ ? महामात्य राक्ष छँदाछँदै के यो सम्भव छ ?'

'चाणक्यले जस्तो पनि कदम उठाउँ हेरी-बुझी मात्र उठाउँछ । चाणक्यले आफ्नो मात्र विश्वास गर्छ । राक्षसको चिन्ता व्यर्थ छ । सबैलाई सम्मोहित पारेर आफ्नो काम आरम्भ गर्छ चाणक्य । यो यज्ञका लागि आफ्नो सम्पूर्ण ज्ञान र अनुभवको बलि दिन्छौँ ।

उसले भन्यो-'म राजा थिएँ, मैले प्रजाको रक्षा गर्नु थियो, त्यसैले म एक्लै लडेँ । फेरि मैले राजा नन्दसँग पनि बदला लिनु छ । मैले सोधेँ- 'किन ? किन कि त्यो नराधमले मेरी आमालाई राजभवनबाट निकालिदियो, ...' सम्पर्क गर्दा थाहा पाएँ । राजा नन्दकी सुन्दरी दासी मुराको छोरा रहेछ । मुरालाई राजा नन्द आफ्नी रानीसरह मन पराउँथे तर कुनै सन्देहले गर्दा वन जान बाध्य पारेर दरबार निकाला गराएछन् । आज तिनै मुरा बनेका पात (पत्ता) ले पंखा बनाई आफ्नो र बालकको पेट पानी बसेकी छ ।ध

यसरी शकटारबाट चन्द्रगुप्तको परिचय पाएपछि चाणक्यलाई त्यस बालकलाई भेट्ने इच्छा प्रबल भयो । उनले शकटारलाई भने- 'तात ! हामीलाई यस्तो बालकको आवश्यक छ । उसका सम्पूर्ण लक्षण हाम्रो अनुकूल छन् । हामी सबैले उसकी आमालाई भेट्यौं । चाणक्य चन्द्रगुप्तसँग भेट्ने समयसमेत तय गरी शकटारसँग बिदा भई जुन भेषमा आएका थिए । त्यसै भेषमा उज्यालो हुनुभन्दा पहिले नै आफ्नो अज्ञातवासतिर लागे ।

अर्को दिन मध्याह्न समयमा चाणक्य र शकटार ज्योतिषीको रूपमा उत्तर सीमावर्ती वन क्षेत्रमा गए । क्रमशः

# देशको माया भएकाहरू



▶▶ सनत गिरी

देशमा भएका भ्रष्टाचार अनियमितताको छानबिन गर्ने हो भने २०४६ सालपछि भएका सबै प्रकरणको छानबिन गर्नुपर्छ । एउटा काण्डमा एक दिन, एक महिना रमाउँदैमा, चर्चामा आउँदैमा केही हुनेवाला छैन । यो विस्तारित हुनुपर्छ, भ्रष्टाचारमा संलग्न भएका जो कोहीलाई नडराई छानबिन गर्नुपर्छ । यतिबेला हाम्रो देश आर्थिक रूपले जर्जर छ, बैंकहरूले आफूखुसी ब्याज बढाइरहेका छन् बस मोटरमा आफूखुसी भाडा छ । पेट्रोलियम पदार्थमा दिनदिनै भाउ बढ्छ । भन्दा रिसाउने, नभन्दा नहुने अवस्था छ देशमा ।

नेपालका प्रमुख दलहरू आफ्ना सिद्धान्तबाट विचलित भएको बेला, जनताको समस्याप्रति सिद्धान्तबाट विचलित भएको बेला, जनताको समस्याप्रति ध्यान नदिएको बेला, विकास निर्माणमा ध्यान नदिएको बेला भ्रष्टाचारमा चुर्लुम्म डुबेको बेला कसले देला, कुन पार्टीले देला त विकल्प ? भर्खरै खुलेको रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफूले राजनीतिक संकल्प दिने बताए पनि यदाकदा यो पार्टीको गतिविधि हेर्दा यो पार्टीले पनि विकल्प दिने छाँटकाट देखिँदैन । खालि कोरा राजनीतिको भाषण छाँट्नमात्र रवि लामिछानेहरू व्यस्त देखिन्छन् । जनता दिनदिनै झन्झन् भोकै बस्नुपरेको अवस्था छ, महँगी बढिरहेको छ । देशमा एकपछि अर्को प्रकरण, काण्डहरू सार्वजनिक हुँदै छन् । यो विषयलाई जोडदार रूपमा सदनमा, सडकमा उठाउने कोही भएनन् भनेर स्वयं जनताले नै भनिरहेका छन् ।

त्यसो त अरु पार्टीभन्दा फरक धार बोकेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि खालि कोरा र सतही मात्र रूपमा अघि बढ्न चाहेको देखिन्छ । राप्रपामा राजेन्द्र लिङ्देन उदाएपछि केही रूपमा राप्रपाप्रति जनताको आकर्षण बढ्दै गएको छ । बढ्दै जाने क्रममा छ । यस क्रममा राप्रपाले नवीन राप्रपा अभियान घोषणा गरेको छ । यो अभियान पार्टी विस्तारका लागिमात्र सीमित नहोस् । जनताका जल्दाबल्दा समस्यालाई बुझ्ने, समाधान गर्ने अवसरका रूपमा प्रयोग गर्नुपर्छ । कयौं जनता भोकभोकै बस्नुपरेको के राप्रपाका नेताहरूलाई थाहा छैन ? बेरोजगार भएर विदेशिनु परिरहेको थाहा छैन ? के मात्र भनौं भने कांग्रेस कम्युनिस्टले त जनताको समस्या बुझेनन्, थाहा नपाएजस्तो गरे । अब राप्रपाले त केही गर्ला भनेर जनताले विशेषरूपमा हेरिरहेका छन् । अध्यक्ष लिङ्देन, वरिष्ठ नेता एवं उपाध्यक्षहरू बुद्धिमान तामाङ, ध्रुवबहादुर प्रधानसहितका नेताहरूप्रति जनआकर्षण छ । ज्ञानेन्द्र शाही र रवीन्द्र मिश्र राप्रपामा भित्रिएपछि केही रूपमा राप्रपाको संगठनमा भरथेक भइरहेको देखिन्छ ।

त्यसो त राप्रपाको सिद्धान्त हिन्दूराज्य र राजसंस्था हो । राजसंस्था पुनर्वहालीको लागि एकल संघर्ष गरेको पार्टी राप्रपा हो । राप्रपाले राम्रो काम गरेर देखायो भने राप्रपाले बोकेको सिद्धान्तमा जनमत बढ्ने कुरामा दुईमत छैन ।

यहाँ पीडाले रुनेहरू धेरै छन् । मिटरब्याजीपीडित हजारौं जनता छन्- सयको हजार, हजारको लाख, लाखको करोड तिर्नुपरेको हामीले देखे, सुनेकै कुरा हो । यो कुरा संसद्मा जोडदार रूपमा उठ्दैन । मिटरब्याजीलाई कारबाही गर्न कानुन त बन्यो, कानुन आफैं बोल्दैन, कानुन आफैं लागू हुने होइन । त्यसैले जनताले महँगी, भ्रष्टाचार, अनियमिता र आफ्ना पीडा बुझ्ने, आवाज उठाउने पार्टी खोजिरहेका छन् । के यस्तो अवस्थामा राप्रपा, रास्वपाले विकल्प देलान् त ? जनताको समस्या उठान गर्लान् त ? भनेर मात्र हुँदैन, जनताको समस्या बुझ्ने यो देशमा पार्टी चाहिएको छ, राजनेता चाहिएको छ । यहाँ झुक्याउनेहरू धेरै देखिए । चुनावमा एउटा कुरा, चुनाव जितेपछि अर्को व्यवहार गर्छन् सांसदहरू । यहाँ जित्नेहरूको बोलवाला छ, हार्नेहरूको आवाज कोही सुन्दैनन् । पैसाको भरमा चुनाव जितेर चुनावमा खर्च भएको ब्याजसहित असुली गर्न लाग्ने धेरै देखिएका छन् । त्यसैले यो देशमा माटोको माया भएको, जनताको माया भएको, राष्ट्रिय स्वाभिमानमा अडिग रहने जनताको पिरमर्का बुझ्नेहरू चाहिएको छ ।

यहाँ ठूला-ठूला काण्ड हामीले देख्यौं, भोग्यौं । यती काण्ड देखियो, ओम्नी काण्ड देखियो, प्रिन्टिङ प्रेस काण्ड देखियो, ३३ केजी सुन काण्ड देखियो, नेपाल ट्रस्टका कुरा देखिए, सगरमाथा निकुञ्जमा जग्गा प्रकरण देखियो । हामीले देखेका काण्डहरू चर्चामा आउँदै सेलाउँदै सामसुम भए । अहिले तीनवटा काण्ड चर्चामा छ । ललिता निवास प्रकरणले त पूर्वप्रधानमन्त्रीहरू माधव नेपाल, डा. बाबुराम भट्टराईलाई समेत थर्कमान पारेको अवस्था छ । हुन त उनीहरूले ञ्जानेर, नबुझेर मन्त्रिपरिषद्बाट निर्णय गरेको हुन सक्छ । तर, उनीहरूको यस प्रकरणमा संलग्नता त देखियो नि । यो प्रकरणमा सयौं संलग्न भएको देखिन्छ । राष्ट्रिय सम्पत्तिको 'लुटको धन फूपूको श्राद्ध' पारेको पुष्टि हुँदै छ ।

झन् नक्कली भुटानी शरणार्थी प्रकरणले त नेपालको अन्तर्राष्ट्रिय रूपमै बेइज्जत भयो । नेपालीलाई विदेशी नागरिक बनाएन, जनघात हो, राष्ट्रको अपमान हो, राष्ट्रघात हो, बेइमानी हो । जनतालाई ठग्नेमात्र होइन अन्तर्राष्ट्रिय रूपमा देशको अपमान गर्नेको सर्वस्वहरण गरे पनि पाप लाग्दैन । त्यसैगरी १०० किलो सुन तस्करी प्रकरण यतिबेला चर्चामा छ । तर, नेताहरू व्यापारीहरू कसरी बच्ने भन्ने ध्यानमा लागेको देखिन्छ । एक अर्ब पर्ने सुन सामान्य व्यक्तिले ल्याउनै सक्दैन । यदि सुन प्रकरणलाई जरोसम्मै छानबिन गरियो भने भविष्यमा सुन तस्करी गर्ने घट्लान् कि !

यो त भयो केही काण्डका कुरा ! अब कुरा गरौं राजनीतिक अस्थिरताका कुरा, कोही प्रदेशमा अहिले कस्तो राजनीति भए । सत्तामा पुग्न सभामुखलाई समेत राजीनामा गराइयो, मन्त्री बनाइयो । केन्द्रमा पनि स्थिर सरकार रहने ग्यारेण्टी देखिँदैन, बुझिँदैन । कांग्रेस सभापति शेरबहादुर देउवालाई चित्तबुझ्दासम्म पुष्पकमल दाहाल प्रधानमन्त्री रहने हुन् भनिँदै छ । यदि दाहाल हटे भने कस्तो सरकार बन्छ, यो अहिले कल्पना नगरौं । यतिमात्र भनौं देशका लागि पुष्पकमलहरू बफादार बनुन् । भ्रष्टाचारको फाइलहरू खोलुन् । हामी देशको माया भएकाहरूले भन्ने यति हो ।

देशमा भएका भ्रष्टाचार अनियमितताको छानबिन गर्ने हो भने २०४६ सालपछि भएका सबै प्रकरणको छानबिन गर्नुपर्छ । एउटा काण्डमा एक दिन, एक महिना रमाउँदैमा, चर्चामा आउँदैमा केही हुनेवाला छैन । यो विस्तारित हुनुपर्छ, भ्रष्टाचारमा संलग्न भएका जो कोहीलाई नडराई छानबिन गर्नुपर्छ । यतिबेला हाम्रो देश आर्थिक रूपले जर्जर छ, बैंकहरूले आफूखुसी ब्याज बढाइरहेका छन् बस मोटरमा आफूखुसी भाडा छ । पेट्रोलियम पदार्थमा दिनदिनै भाउ बढ्छ । भन्दा रिसाउने, नभन्दा नहुने अवस्था छ देशमा ।

त्यसो त राजनीतिक अस्थिरताकै कारण सुन काण्ड देखापरेका छन् । जब देशमा राजनीतिक अस्थिरता हुन्छ तव अवैध रूपमा सुन ल्याउनेलाई सुनौलो अवसर मिल्छ । अवैध व्यापार गर्नेलाई अवसर मिल्छ । त्यसैले हामीले देशमा राजनीतिक स्थिरता होस् भने कामना गर्नैपर्छ । सरकारले भ्रष्टाचारका फाइल खोल्न थालेपछि प्रमुख दलका नेताहरू नै प्रधानमन्त्री दाहालसँग रिसाएको सुन्नमा आएको छ, बुझिन्छ पनि । यदि देशमा सामसुम भएका भ्रष्टाचारका फाइल खोल्न दाहालले आँट गरे भने भविष्यमा उनको नाम स्वर्णिम अक्षरले लेखिनेछ । जनताले सम्झिइरहने छन् ।

मैले सुरुमा कुरा उठाएको राजनीतिक विकल्पमात्र होइन, भ्रष्टाचार निर्मूल गर्ने, आँट गर्ने पार्टीको कुरा उठाएको हुँ । हुन त राप्रपाका अध्यक्ष लिङदेनले एक रूपैयाँ घुस खानु भनेको आमाको रगत खानुसरह हो भनेका छन् । यो व्यवहारमा देखिनुपर्छ । एउटा भाषणले एउटा प्रतिबद्धताले मात्र पुग्दैन । जनताका देशका अनेकौ समस्या छन्, गर्नुपर्ने कामहरू धेरै छन् । विकास भए, आर्थिक उन्नति प्रगति भए, भ्रष्टाचार निवारण भए, पार्टी राजनीति भए, यी सबै कुरामा इमान्दार देखिनुपर्छ राप्रपाहरू । त्यसो त विकल्प दिन्छ भनेर उदाएको रवि नेतृत्वको रास्वपा पनि क्षणिक रमाइलो मात्र सावित हुने देखिँदै छ ।

यो देश पुष्पकमल, शेरबहादुर र केपी ओलीको वरिपरि घुमिरहेको छ । प्रधानमन्त्री भए यिनै हुने हुन् । जनताले यि तिनै नेतालाई राम्ररी चिनिसकेका छन् । क्षणिक भाषण गर्न यि नेताहरू खप्पिस छैन । तर जनताको दैनिक समस्या महँगी, बेरोजगारी, मिटरब्याजीलगायतका विषय यी नेताहरूको भाषणमा कतै देखिँदैन, कतै सुनिँदैन । कोरा राजनीतिको र आपसका घोचपेचमा भाषण टुंगिएको पाइन्छ, केन्द्रित रहेको पाइन्छ ।

त्यसैले यो अवस्थामा जनताले सही, इमान्दार, जनताको सुख दुःख बुझ्ने निर्णय क्षमता भएको नेतृत्व खोजिरहेको अवस्था छ । जे भए पनि धेरथोर जनताको माया बोकेको देखिएको राजेन्द्र लिङ्देन, रवि लामिछानेहरू भने गम्भीर होइन ।

पत्र-मञ्जुषा

## मन्दीको प्रभावमा सर्वसाधारणदेखि व्यवसायीसम्म

आम सर्वसाधारण वा व्यवसायीहरू बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकेर वा व्यवसायमा मन्दी आएर धमाधम आत्महत्या गरिरहेका छन् । बजारमा आएको आर्थिक मन्दीका कारण आमनागरिक र व्यवसायीहरू आत्महत्याको बाटो रोज्न बाध्य हुँदासमेत सरकार लाचार बनिरहेको छ ।

यता, बैंक तथा वित्तीय संस्थाहरू भने अहिले पनि आफूले यति र उति नाफा कमाउने भन्दै प्रचारप्रसार गरिरहेका छन् । बजार पूरै मन्दीमा छ । बैंकमा पैसा राखेकाले समेत आफ्नो बचत भटाभट निकालेका छन् । बैंकले कर्जा प्रवाह गर्न नसकेको व्यापक हल्ला छ ।

अनि हामीले यति आम्दानी गऱ्यौं, यति नाफा भयो भनेर बैंकले भनिरहँदा अधिकांशको प्रश्न एउटै छ, 'के यिनीहरूले पैसा चोर्ने त गरेका छैनन् ?' अहिले उद्योग वाणिज्य व्यवसायी महासंघका अध्यक्ष चन्द्र ढकाल, पूर्वअध्यक्ष शेखर गोल्छालगायत मुलुकको अर्थतन्त्र छ दशकअघिको अवस्थामा पुगेको दाबी गर्छन् ।

बैंकमा एक लाखको चेक लिएर गएमा अर्को शाखा पठाइन्छ । त्यहाँबाट पनि अर्को शाखा पठाइन्छ । अनि एक लाख बचत फिर्ता गर्न नसक्ने बैंकले यति र उति नाफा भयो भनेर भन्नु लज्जास्पद पनि छ । बजारको कुरा गर्ने हो भने घरजग्गा, गाडी र सेयरको कारोबार पूरै ठप्प छ ।

करिब तीन वर्षअघि दुई करोडमा किनेको घडेरी अहिले पैसाको खाँचो परेर यसको आधा मूल्यमा बेच्छु भन्दासमेत बिक्दैन । सेयर र गाडीको पनि यही अवस्था छ । अनि यस्तो हुँदा बैंकले केमा लगानी गरेर नाफा कमायो ? भाटभटेनी सुपरमार्केटका सञ्चालक मिनबहादुर गुरुङका कारण मुलुकका अधिकांश बैंक डुब्ने अवस्थामा पुगेका छन् ।

यता, बालुवाटारस्थित ललिता निवासको जग्गा काण्डका कारण पनि धेरै बैंक टाट पल्टिने जस्तो देखिएको छ । गुरुङ त ललिता निवासको जग्गा प्रकरणमा समातिए नै । त्यसरी नै अब सरकारी तथा गुठीका जग्गा व्यक्तिको नाममा दर्ता गरेको आरोपमा चन्द्र ढकाल पनि समातिने अधिकांशको भनाइ छ ।

बागलुङ घर भएका ढकालको गरिब परिवारमा जन्म भएको थियो । तर, काठमाडौं छिरेपछि उनले वनजंगल, सरकारी, गुठी, सार्वजनिकलगायत जग्गा व्यक्तिको नाममा दर्ता गरी करोडौं सम्पत्ति आर्जन गरे । अहिले मुलुकको नाजुक अवस्थामा पुग्दा र व्यवसायीहरूले आत्महत्याको बाटो रोज्दा समेत ढकाललाई केही मतलब छैन ।

उनी उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत हुन् । अध्यक्षको काम, कर्तव्य, जिम्मेवारी र दायित्व भनेकै उद्योगी, व्यवसायीहरूको संरक्षण गर्नु र मुलुकको अर्थतन्त्रमासमेत टेवा पुऱ्याउनु हो । तर, यसतर्फ ढकालको ध्यान गएको छैन । उनी आफ्नो पेट भर्नतिर मात्र लागिपरेका छन् ।

पछिल्लो समय नेपालका अर्थविद्, विज्ञहरू मुलुकको अर्थतन्त्रबारे बोल्दैनन् । किनकि उनीहरूले पनि थाहा पाइसकेका छन् कि मुलुकको अर्थतन्त्र डुबिसकेको छ । केही दिनअघि मात्रै राजधानीको माइतीघर मण्डलामा विगत दुई महिनादेखि आन्दोलनरत रहेका सहकारीपीडित बचतकर्ताहरू सरकारले आफूहरूको माग पूरा नगरेको भन्दै सडकमै लम्पसार परे ।

अहिले बजारमा ५०० र हजारको नोट पाउनै मुस्किल छ । व्यापारी तथा सर्वसाधारणले आ-आफ्नो घरमा पैसा लुकाइसकेका छन् । त्यसैगरी, सरकारी सेवामै कार्यरत कर्मचारी, ज्येष्ठ नागरिकलगायतले तलबभत्ता नपाएको पनि व्यापक गुनासो छ । अहिले महँगीले सीमा नाघेको छ ।

बेरोजगारीका कारण दिनदहाडै हत्या, हिंसा, चोरी र लुटपाटका घटना बढिरहेका छन् । तर, विडम्बना हाम्रो सरकार र हाम्रा सांसद यो कुराबाट अनजान छन् । मुलुक श्रीलंकाको बाटोमा पुगिसकेको छ । तापनि जनप्रतिनिधि, सरकारी कर्मचारी, सांसदलगायतहरू अहिले पनि तलबभत्ता र सेवासुविधा त्याग्न तयार छैनन् ।

सरकारको आम्दानीको स्रोत सुक्दै गएको छ, तर खर्च भने दिनप्रति दिन बढिरहेको छ । अब नेपाल सरकारले विदेशीसँग दिएको ऋण तिर्न नसके नेपाल विश्व कालोसूचीमा पर्ने छ । तब न नेपाल रहन्छ न त नेपाली । त्यत्तिबेला अर्थतन्त्र होइन देश नै रहँदैन । यदि सरकारले समयमै ध्यान नदिए मुलुकमाथि विदेशी हस्तक्षेप लाग्न धेरै समय लाग्दैन ।

**- रामचन्द्र खत्री, कीर्तिपुर**

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

### कैदीबन्दी मृत्यु प्रकरण

# कारागारका निमित्त प्रमुखविरुद्ध पक्राउ पुर्जी जारी, असई चौधरी पक्राउ

**किमाथांका (संखुवासभा)–** संखुवासभाको कारागारभित्र दुई कैदीको हत्या प्रकरणमा प्रहरी सहायक निरीक्षक (असई) लक्ष्मी चौधरी पक्राउ परेका छन् । चौधरीलाई आइतबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरी सहायक निरीक्षक चौधरीलाई पक्राउ गरी जिल्ला अदालत संखुवासभाबाट पाँच दिन हिरासतमा राख्ने अनुमति लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक सरोज खनालले जानकारी दिए ।

कैदी मृत्यु प्रकरणमा मुछिएका कारागार सुरक्षा प्रमुख चौधरीलाई आइतबार पाँच दिन म्याद थप गरेर अनुसन्धान भइरहेको प्रहरी निरीक्षक खनालले बताए । पीडितले दिएको किटानी जाहेरीका आधारमा सहायक निरीक्षक चौधरीसहित कारागार निमित्त प्रमुख राजेन्द्र घिमिरेविरुद्ध जिल्ला अदालत संखुवासभाले पक्राउ अनुमति जारी थियो ।

कुटपिटबाट संखुवासभाको मादी नगरपालिका-५ का २० वर्षीय विनोद तोलांगी र नुवाकोटको ककनी गाउँपालिका-७ का २८ वर्षीय आकाश बलामीको बुधबार बिहान मृत्यु भएको थियो । शनिबार जिल्ला प्रहरी कार्यालयमा कारागार निमित्त प्रमुख (जेलर) घिमिरे र प्रहरी सहायक निरीक्षक चौधरीविरूद्ध जाहेरी परेको थियो ।

उक्त जाहेरी परेपछि प्रहरीले कारागारका निमित्त प्रमुख घिमिरे र चौधरीविरूद्ध अदालतबाट पक्राउ अनुमति लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीले कारागारका निमित्त प्रमुख घिमिरेलाई भने पक्राउ गरिसकेको छैन । यस घटनामा अन्य व्यक्तिको पनि संलग्नताबारे अनुसन्धान गरिरहेको कार्यालयले जनाएको छ । पक्राउ परेका चौधरीमाथि अनुसन्धान भइरहेको छ । पक्राउ पुर्जी जारी भएका कारागारका निमित्त प्रमुख घिमिरेलाई पक्राउ गरेर अनुसन्धान बढाइने प्रहरीले जनाएको छ ।

**६ दिनपछि आफन्तले शव बुझे**

कुटपिटबाट मृत्यु भएको कैदी तोलांगी र बलामीका आफन्तले छ दिनपछि शव बुझेका छन् । किटानी जाहेरीपछि शनिबार शवको परीक्षण गरिएको थियो । प्रहरीले घटनामा संलग्न भएको आरोप लागेका कारागारका निमित्त प्रमुख घिमिरे र प्रहरी सहायक निरीक्षक चौधरीको नाम सार्वजनिक गरेपछि मृत्तकका आफन्तले आज शव बुझेका हुन् ।

पीडित पक्षले शव हेर्दा रडले कुटपिट गरेको, शरीरभरि निलडाम भएको, हत्या भएको आधार देखिएपछि कारागार प्रमुख र कारागारका सुरक्षाकर्मीविरूद्ध मृतकका आफन्तले जाहेरी दिएका थिए । घटनालगत्तै गृह मन्त्रालयले यही साउन २४ गते छानबिन समिति गठन गरेको थियो । *रासस*

# भेरी नदीमा पानीको बहाव बढ्यो

**जाजरकोट–** भेरी नदीमा पानीको बहाव बढेपछि तटीय क्षेत्रमा सतर्कता अपनाउन अनुरोध गरिएको छ । रत्न राजमार्गको भेरी पुलमा रहेको बाढी मापकका अनुसार नदीमा बहाव बढ्दो क्रममा रहेकाले आवश्यक सर्तकता अपनाउन बाढी पूर्वानुमान महाशाखाले अपिल गरेको हो । अहिले भेरी नदीमा पानीको बहाव ७.६९ मिटर पुगेपछि महाशाखाले अनुरोध गरेको छ । भेरी नदीमा सात मिटर पानी आएमा चेतावनी र आठ मिटर पुगे खतरा मानिन्छ ।

अझै पानीको बहाव बढिरहेकाले भेरी पुलदेखि तल्लो तटीय क्षेत्रका नागरिकलाई उच्च सतर्कता अपनाउन महाशाखाले भनेको छ । भेरी नदीको तल्लो तटीय क्षेत्रमा रानीघाट, पाग्म, चेपाङ, तिखाकुनालगायतका बस्ती रहेका छन् । स्थानीय प्रशासनले पालिकाको समन्वयमा ती क्षेत्रका नागरिकलाई सावधानी अपनाउन आग्रह गरेको छ ।

त्यस्तै प्रमुख जिल्ला अधिकारी सुरेश सुनारका अनुसार भेरी करिडोरभित्र बग्ने भेरी नदीको पानीको बहाव पनि बढेको छ । सबै सर्वसाधारणलाई सतर्क रहन आग्रह गरिएको प्रजिअ सुनारले बताए । *रासस*

# ९३ वर्षीया अशक्तलाई घरमै नागरिकता

**भादगाउँ (प्रस)–** जिल्ला प्रशासन कार्यालय भक्तपुरले ९३ वर्षीया अशक्त ज्येष्ठ नागरिकलाई घरमै पुगेर नागरिकता प्रदान गरेको छ ।

प्रशासनले मध्यपुर थिमि नगरपालिका-३ गट्टाघर निवासी ९३ वर्षीया गंगालक्ष्मी श्रेष्ठलाई उनकै निवासमा नागरिकताको प्रतिलिपि प्रदान गरेको हो । वि.सं. १९८६ भदौ ७ गते जन्मिएकी श्रेष्ठले वि.सं २०४४ फागुन ५ गते नागरिकताको प्रमाणपत्र लिएकी थिइन् ।

उक्त नागरिकता हराएपछि उनले एकाघरका परिवारमार्फत प्रशासनमा नागरिकताको प्रतिलिपिका लागि आवेदन दिएकी थिइन् । श्रेष्ठको स्थायी ठेगाना तत्कालीन बालकुमारी गाविस-८ रहेको छ भने हाल उनी मध्यपुरथिमि-३ गट्टाघर बस्दै आएकी हुन् ।

श्रेष्ठ स्वयं कार्यालयमा उपस्थित भएर नागरिकताको लागि सनाखत गर्न नसक्ने भएकाले उनकै निवासमा पुगेर नागरिकता प्रदान गरेको सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले बताए । नागरिकता नहुँदा सामाजिक सुरक्षा भत्तालगायत राज्यले दिने अन्य सेवा सुविधाबाट समेत वञ्चित हुनुपर्ने अवस्था आउने भएकाले असहाय, अशक्त, दीर्घरोगी, शारीरिक अस्वस्थता र अपांगताका कारण प्रशासनमा उपस्थित हुन नसक्ने नागरिकलाई घरदैलोमा नै सरकारी सेवा उपलब्ध गराउने नीतिअनुरूप प्रशासनले त्यस्ता नागरिकलाई घरमै पुगेर नागरिकता प्रदान गर्दै आएको सहायक प्रजिअ निरौलाले बताए ।

श्रेष्ठलाई नागरिकता प्रदान गर्न सहायक प्रजिअ निरौलासहित नागरिकता फाँटका कर्मचारी श्रेष्ठ निवासमा पुगेका थिए ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक ११३ साउन २९ गते २०८० मा प्रकाशित Kapeel Manpower Pvt. Ltd. को Lot No. 282026 को विज्ञापनमा कम्पनीको नाम Tahf Al Madaen Contracting Est. हुनुपर्नेमा अन्यथा सच्याईएको जानकारी गराईन्छ ।

Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np
श्रम इजाजत नं. १८३/०७७/०७८



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनीः EL SEIF OPERATIONS AND MAINTENANCE COMPANY.

पूर्व स्वीकृति मिति २०८०/०४/२९ | LT. No.290930 | चलानी नं. ६०२०२७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 14 | 0 | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGICAL TOUCH SPA FOR MEN (K B HEALTH INSTITUTE COMPANY FOR MEN)

पूर्व स्वीकृति मिति : २०८०/०४/२९ | LT. No. 290887 | चलानी नं.६०२०६१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Therapist Masseur | 19 | 0 | 150 | ६४७०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GLAMOURS LAB

पूर्व स्वीकृति मिति : २०८०/०४/२९ | LT. No. 290888 | चलानी नं.६०२०६१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 130 | ५६०८१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Stylist | 0 | 3 | 130 | ५६०८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
EXPRESS RECRUITER NEPAL Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIMITLESS ENGINEERING LLC

पूर्व स्वीकृति मिति २०८०/०४/२९ | LT. No. 290889 | चलानी नं.६०२०६११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 3 | 0 | 1200 | ४३,४५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 3 | 0 | 1200 | ४३,४५० | | | | | | | |
| 3 | AC Technician | 2 | 0 | 1300 | ४७,०७० | | | | | | | |
| 4 | AC Duct | 2 | 0 | 1200 | ४३,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MASHREQEEN TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | LT. No. 283403 | चलानी नं. ६०१९८८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Vehicle Driver | 3 | 0 | 1800 | ६३,२७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 12 | 0 | 1800 | ६३,२७० | | | | | | | |

कम्पनी : TAWAKD CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०७९/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०४/२९ | LT. No. 282856 | चलानी नं. ६०१९८२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labour | 30 | 0 | 1000 | ३५,०६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Labour | 3 | 0 | 1000 | ३५,०६५ | | | | | | | |

कम्पनी : AL GHAYA HOSPITALITY & CLEANING

पूर्व स्वीकृति मिति २०८०/०४/२९ | LT. No. 290883 | चलानी नं. ६०२०६१२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 4 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LIBERTY GRAND

पूर्व स्वीकृति मिति २०८०/०२/२६ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०४/२९ | LT. No. 287507 | चलानी नं. ६०२०२९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 20 | 15 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOMAIN UPHOLSTERY INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मितिः २०८०/०४/२९ | LT. No. 290875 | चलानी नं. ६०२०६१४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054041, 9765229376



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DRIP COFFEE CAFE FOR SERVING MEALS

पूर्व स्वीकृति मितिः २०८०/०२/०३ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/०४/२९ | LT. No.286123 | चलानी नं. ६०२०१५५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 7 | 0 | 1200 | ४२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२९ | LT. No. 277357 | चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ६०,६८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GB CHEMICAL (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/३१ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/०४/२९ | LT. No. 269679 | चलानी नं. ६०१८५५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 40 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १४५५/०७४/०७५
Dhapasi-9, Basundhara Tole, Kathmandu, Tel: +997-1-4356889



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०३/१२ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/०४/२९ | LT. No. 288633 | चलानी नं. ६०२०३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 6 | 0 | 4000 | १४६,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९८,८१५ | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ९१,४९५ | | | | | | | |
| 4 | General Clean Worker | 17 | 10 | 1000 | ३६,५९५ | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३६,५९५ | | | | | | | |
| 6 | Manager Variety | 1 | 0 | 6000 | २१९,५८५ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | १०९,७९५ | | | | | | | |
| 8 | Supervisior | 8 | 2 | 2500 | ९१,४९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

# प्रभाव दैनिक

मंगलबार, ३० साउन २०८० (Tuesday, August 15, 2023)


## रूपशाला

### पूर्वमुख्यसचिव राजभण्डारीको 'पुतली बनी बस्न आयौ'

पूर्वमुख्य सचिव केशवराज राजभण्डारीको शब्द सृजना रहेको 'पुतली बनी बस्न आयौ'को भिडियो सार्वजनिक गरिएको छ। शुभबहादुर सुनामको संगीत तथा गायिका संगीता शाक्यको स्वर रहेको सो गीतलाई राजेश कुमार श्रेष्ठले एरेञ्ज गरेका छन् । निशा कार्की, अमन श्रेष्ठ, सचिना अर्याल, विवेक ठाकुर, डा. सचिन भालगायतको अभिनय रहेको उक्त गीतको भिडियोलाई जनक खड्काले छायांकन तथा निर्देशन गरेका छन् । प्रेमीसँगको बिछोडलाई प्रस्तुत गरिएको भिडियोलाई नहकुल खड्काले सम्पादन गरेका छन् ।




# बहुप्रतिभाशाली निरूताको सांगीतिक फड्को



■ सम्झना राई

*नाम मेरो निरुता खत्री देउडा गीत गाउन्या क्या राम्रो अछामी चाला गुन्या चोली लाउन्या !*
*सानैछ न भन्या हुन्छ कर्णाली बबैलाई भेटघाट नभया पन सम्झना सबैलाई !!*

२६ डिसेम्बर २०२१ मा पोस्ट भएको यो स्टाटसमार्फत निरुताले आफ्नो परिचय दिन खोजेकी छन्, देउडा भाकामा । यसबाट बुझ्न सकिन्छ देउडाप्रति उनको लगाव कति छ भन्ने । त्यो लगावलाई उनले स्टाटसमा मात्रै सीमित गरेकी छैनन्, बरु देउडा गीत संगीतलाई नै आफ्नो कार्यक्षेत्र बनाएकी छन् । देउडा गीत संगीतको प्रवर्द्धनमा आफूलाई समर्पित गरेकी छन् ।

देउडा सुदूरपश्चिमको मौलिक र चर्चित भाका हो । सूदूरको पहिचान बनेको यो भाका नेपाली संगीत क्षेत्रमा स्थापित छ । विविधतायुक्त नेपाली गीत संगीत क्षेत्रलाई सम्पन्न बनाउन देउडा भाकाले खेल्दै आएको भूमिकालाई कसैले नकार्न सक्दैन । सुदूरपश्चिमको यो भाका अहिले नेपालभित्र मात्र सीमित छैन, विश्वभरका नेपालीमाझ लोकप्रिय बन्दै गएको छ । देउडालाई यो स्थितिमा ल्याउन धेरैको योगदान छ, जसमध्येकी एक हुन् निरुता ।

अछामकी निरुताले अहिले चर्चित देउडा गायिकाको परिचय बनाइसकेकी छन् । अछाम क्षेत्र नम्बर २ भरिकै एकली गायिकाको रूपमा उनलाई चिनिन्छ। त्यसैले त्यस क्षेत्रका युवामाझ उनी उदाहरणीय पात्र पनि बनेकी छन् । झ्याउरे गीतबाट गायन यात्रा प्रारम्भ गरेकी निरुता देउडासँगै लोकदोहोरी पनि गाउँछिन् । लोकदोहारी क्षेत्रमा पनि आफ्नो पहिचान बनाइसकेकी छन् । तर उनलाई धेरैले चिन्ने भनेको देउडा गीतबाटै हो । निरुता स्वयं पनि आफूलाई देउडाले नै कलाकारितामा स्थापित गराएको स्वीकार गर्छिन् ।

अछाम जिल्लाको ढकारी गाउँपालिका-२ मा जन्मिएकी निरुताको बाल्यकाल गाउँमै बित्यो । विद्यालय तहको पढाइ गाउँमै र प्लस टु सदरमुकामबाट पूरा गरिन् । त्यसैले देउडासँग राम्ररी भिज्न पाइन् । सयौं गीतमा स्वर दिइसकेकी उनी लोक देउडा विधाकी एक प्रतिभाशाली गायिकाको रूपमा चिनिन्छन् । निरुताले लोक देउडा भाकालाई थप उचाइमा पुऱ्याएकी छन् ।

उनका गीतहरूमा मौलिकता झल्किएको हुन्छ । मौलिकतामा मान्छेको अस्तित्व जोडिने उनी बताउँछिन् । उनी भन्छिन्, 'मैले गाएको हरेक गीत हाम्रो जन्मभूमि अछामको समृद्धि र सौन्दर्यको सम्मान हो ।' जब उनको गीतका धुनहरू गुञ्जिन्छन्, तब अछामको आत्मा संगीतको शक्तिले जीवित हुने उनको विश्वास छ । अछाम क्षेत्र नं. २ बाट गीत संगीतमा औपचारिक रूपमा संलग्न हुने पहिलो महिला गायिका भएकोमा गर्व गर्छिन् उनी ।

संगीतको संसारमा निरुताको यात्रा बाल्यकालबाटै सुरु भयो । उनी सानैबाट गीत संगीत भनेपछि हुरुक्कै हुन्थिन् । गीत गाउने उनको जोश समयसँगै बलियो हुँदै गयो । उनी गाउँमा हुने विभिन्न विद्यालयका कार्यक्रमहरू र मेलाहरूमा गीत गाउने गर्थिन् । त्यसैले, उनको लक्ष्य पनि यसै क्षेत्रतिर मोडियो । गीत संगीतप्रतिको लगावका साथ हुर्किएकी निरुतालाई अहिले यही पेसाले नाम र दाम दिइरहेको छ । प्रकृतिले शान्त सुन्दर अछामदेखि कोलाहलयुक्त काठमाडौंसम्म अहिले उनको मनमोहक गीतका धुनहरू बज्ने गर्छ । ढकारीको दुर्गम गाउँदेखि काठमाडौंको भीडभाडसम्मको उनको यात्रा संगीत प्रेमकै कारण सम्भव भएको हो । संगीतप्रतिको लगावलाई अँगालेर हिँडेकी उनको गीतले अहिले देश तथा विदेशका संगीतप्रेमी नेपालीहरूको मन जित्न सफल भएको छ । आफ्नो प्रारम्भिक वर्षहरूमा गायिका बन्न देखेको सपना उनले साकार त पारेकी छन् नै साथमा श्रोता-दर्शकको माया पनि कमाएकी छन् । बाल्यकालमा गायिका बन्ने सपना देख्ने, गुनगुनाउनेदेखि सफल गायिकासम्मको उनको यात्रा यस क्षेत्रमा प्रवेश गर्न चाहनेहरूका लागि प्रेरक बन्नेछ ।

### निरुताको खेल जीवन

सांगीतिक क्षेत्रमा प्रवेश गर्नुअघि उनी खेलकुदमा जमेकी थिइन् । उनले खेलजीवनमा पनि राम्रै प्रदर्शन गरिन् । खेलकुदमा विशेषगरी भलिबल र एथलेटिक्समा लागेकी थिइन् । जिल्लाको टोलीबाट क्षेत्रीय प्रतियोगिताहरूमा भाग लिइन् । विभिन्न पुरस्कार र उपाधि त्यतिबेलै उनले हासिल गरेकी थिइन् । तर, बाल्यकालदेखि गीत संगीतसँग नजिकिएकी उनको आत्मा संगीतको लयमा गुञ्जिरहेको थियो । त्यही संगीतमोह अर्थात् गायिका बन्ने सपनाले उनलाई खेलकुद क्षेत्रबाट अलग गरायो ।

उनले गायिका बन्ने लक्ष्य पूरा गर्न खेलजीवनलाई पूर्णविराम दिइन् । उसो त त्यो समयमा खेलकुदमा लागेकोमा परिवार पनि खुसी थिएनन् । हातखुट्टा भाँच्न किन उफ्रेर हिँडेको भन्थे । उनी आफैंले पनि त्यसमा भविष्य देखेकी थिइनन् । किनभने खेलकुदमा उनलाई गाइड गर्ने कोही थिएन । उनकै शब्दमा 'राजनीतिक पहुँच' चाहिन्थ्यो खेलकुदमा अगाडि बढ्न । त्यो पहुँच उनीसँग थिएन ।

### निरुताको आरजे जीवन

निरुताले संगीतप्रतिको आफ्नो इच्छा पूरा गर्न खेलकुद क्षेत्रबाट अलग भई एक स्थानीय रेडियो स्टेसनमा रेडियो जकी (आरजे) का रूपमा काम गर्न थालिन् । उनले रेडियो सोसाइटी र रेडियो डोटीमा काम गरिन् । दुई वर्षसम्म उनले आफ्नो मनमोहक आवाजले श्रोताहरूलाई मनोरञ्जन दिइन् । तर, उनको रेडियो करिअरको बीचमा पनि गायिका बन्ने सपना कहिल्यै टुटेन । जुन उनको हृदयमा दृढतापूर्वक कोरिएको थियो । गीत रेकर्ड गर्ने आफ्नो सपनालाई पछ्याउँदै काठमाडौं आइपुगिन् । परम्परागत झ्याउरे विधामा आफ्नो जीवनको पहिलो गीत रेकर्ड गरिन् २०७३ सालमा । गीत श्रोताहरूले मन पराए । जसले उनलाई थप हौसला दियो ।

झ्याउरे गीत सफल भएलगतै उनलाई देउडा विधाको गीत गाउने प्रस्ताव आयो । पहिलोपटक देउडा रेकर्ड गर्दा स्टुडियोमा निकै गाह्रो भएको उनले सुनाइन् । तर, त्यही गीतले उनलाई स्थापित गराइदियो ।

### फेसबुकमा भाइरल बनेपछि...

निरुतालाई यहाँसम्म ल्याइपुऱ्याउन सामाजिक सञ्जालले पनि ठूलो भूमिका खेलेको छ । एक दिन देउडा गीत फेसबुकमा लाइभ गाउने निर्णय गरिन् । उनले सोचेकी थिइनन्, लाइभमा गाएको गीत भाइरल बन्ला भनेर । फेसबुकमा गाएको देउडा एकाएक भाइरल बन्यो । त्यसमा प्रशंसाको वर्षा नै भयो । देउडामा नयाँ गायिका देखिइन् भनेर धेरैले प्रशंसा गरे । त्यसपछि देउडा गीत गाउने प्रस्ताव निरन्तर आए । अन्ततः देउडाले नै उनलाई संगीत उद्योगमा स्थापित गरेको उनी बताउँछिन् ।

आजसम्म उनले लोकदोहोरी र देउडा गरी ३०० भन्दा बढी गीतमा स्वर दिइसकेकी छन् । आफ्नै शब्द र संगीतमा पनि धेरै गीत रेकर्ड गराइसकेकी छन् । यस यात्रामा उनले विभिन्न अवार्डसमेत हात पारेकी छन् । एपेक म्युजिक अवार्ड, रारा म्युजिक अवार्ड, जीवन्त म्युजिक अवार्ड जस्ता थुप्रै अवार्ड उनले पाएकी छन् । संगीतकै यात्रामा उनले विभिन्न जिल्लाको भ्रमण गरेकी छन् । भारतका विभिन्न स्थानमा पुगिन् सांगीतिक कार्यक्रमका लागि । हालै सुदूरपश्चिम नेपाली समाज दक्षिण कोरियाद्वारा आयोजित वनभोज तथा सांस्कृतिक कार्यक्रममा भाग लिएर उनी फर्किएकी छन् ।

धुलाम्मे खेलकुद मैदानदेखि संगीतको ज्वलन्त चरणसम्मको उनको यात्रा, उनको जोस, उनले देखेको सपना अनि सपनालाई साकार पार्न गरेको संघर्ष उदाहरणीय छ । खेलाडी, आरजेदेखि एक कुशल गायिकासम्मको यात्रा तय गर्न निकै मिहेनत गर्नुपरेको अनुभव सुनाउँछिन् ।

निरुताले संगीत उद्योगबाहेक अरु सोचेकी छैनन् । यही क्षेत्रमा आफूलाई समर्पित गर्ने प्रतिबद्धता छ उनको । अविवाहित उनलाई अब विवाहका लागि दबाबसमेत बढ्न थालेको छ । छोरीलाई सानैमा विवाह गरेर पठाउने समाजबाट आएकी उनी आफूलाई विद्रोही ठान्छिन् । किनकि उनको उमेरका अविवाहित छोरी त्यहाँ अहिले पनि भेटिँदैन ।

'गाउँका अरु छोरीहरूभन्दा म फरक कर्ममा हिँडेकी छु । अहिलेसम्म परिवारको साथ छ । ढिला हुन लाग्यो अब बिहे गर भन्न थाल्नुभएको छ । त्यसैले अबचाहिँ विवाहबारे सोच्न थालेकी छु, हेरौं मलाई बुझ्ने मान्छे भेटि पो हाल्छन् कि !,' निरुताले विवाहको प्रसंग टुंग्याइन् ।

## रंगशाला

# एसिया कपका लागि नेपाली टोली घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले पहिलो पटक सहभागिता जनाउन लागेको एसिया कप खेल्ने टोलीको घोषणा गरेको छ । नेपाल क्रिकेट संघ (क्यान) ले रोहित कुमार पौडेलको कप्तानीमा टोलीको घोषणा गरेको हो । नेपाली टोली १७ सदस्यीय रहेको छ ।

एसिया कपको तयारीका लागि नेपाल एक साता अघि नै पाकिस्तान जाने क्यानले जनाएको छ । नेपालले पाकिस्तानमा एसिया कपको अन्तिम तयारी गर्ने छ । एसिया कप अगष्ट ३० देखी सेप्टेम्बर १७ सम्म पाकिस्तान र श्रीलंकामा हुनेछ । समूह ए मा भारत, पाकिस्तान र नेपाल छन् । समूह बी मा बंगलादेश, श्रीलंका र अफगानिस्तान छन् ।

नेपालले पहिलो खेल ३० अगष्टमा पाकिस्तानसँग मुल्तानमा खेल्नेछ । दोस्रो खेल ४ सेप्टेम्बरमा श्रीलंकाको केन्डीमा भारतसँग खेल्ने हुनेछ ।

### नेपाली टोली

*रोहित कुमार पौडेल (कप्तान), आशिफ शेख, कुशल भुर्तेल, ललित नारायण राजवंशी, भिम सार्की, कुशल मल्ल, दिपेन्द्र सिंह ऐरी, सन्दीप लामिछाने, करण केसी, गुल्सन झा, आरिफ शेख, सोमपाल कामी, प्रतिश जि.सि, किशोर महतो, सन्दीप जोरा, अर्जुन साउद, श्याम ढकाल*

# नेयमार साउदी क्लब अल हिलालमा

**काठमाडौं–** ब्राजिलियन स्टार नेयमार साउदी प्रो लिग क्लब अल हिलालसँग दुई वर्षको सम्झौता गरेका छन् । फ्रेन्च क्लब पिएसजी छोड्ने निश्चित भएपछि अल हिलालले दिएको प्रस्तावलाई नेयमारले स्वीकार गरेका हुन् ।

अल हिलालले नेयमारका लागि ९० मिलियन युरो तिरेको मिडिया रिपोर्टमा उल्लेख गरिएको छ । उनी २०२५ को जुन ३० सम्म अल हिलालमा रहने भएका छन् । त्यस्तै अल हिलालले नेयमारलाई बार्षिक करिब ८० मिलियन युरो पारिश्रमिक प्रस्ताव गरेको बताइएको छ । उनले पिएसजीमा बार्षिक करिब २५ मिलियन युरो पारिश्रमिक लिने गरेका थिए ।

मिडिया रिपोर्टका अनुसार नेयमारले अल हिलालका लागि आजै मेडिकल गर्ने र साउदी प्रस्थान गर्ने बताइएको छ । अल हिलालले नेयमारलाई यसै साता आफ्ना फ्यानहरू समक्ष प्रस्तुत गर्ने र अल हिलालमा नेयमारले जर्सी नम्बर १० नै लगाएर खेल्ने भएका छन् ।

सन् २०१७ मा २२० मिलियन युरोमा पिएसजी गएका नेयमार शुरु देखि नै पोएसजीमा असहज महसुस गरेका थिए ।

नेयमार लगातारको इञ्जुरीका कारण पनि पिएसजीमा पुरा समय खेल्न सकेका थिएनन् । पिएसजीमा ६ सिजनमा नेयमार कुनै पनि सिजन पुरा खेल खेल्न सकेका थिएनन् ।

# पुलिसलाई हराउदै किंग्स च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली नेपाल पुलिस क्लबलाई हराउदै आयोजक किंग्स क्लब काठमाडौं दोस्रो संस्करणको किंग्स कप पुरुष भलिबल प्रतियोगिताको च्याम्पियन बनेको छ ।

काठमाडौंको नयाँ बसपार्कस्थित ढोरपाटन स्पोर्ट्स क्लबको कोर्टमा सोमबार भएको फाइनलमा पुलिसलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि जित्न सफल भएको हो ।

किंग्सले पहिलो सेट आफ्नो नाममा गर्दा दोस्रो सेट गुमाएको थियो । त्यसपछिको दुवै सेट जित्दै आयोजक टिम च्याम्पियन बनेको हो ।

किंग्सले पहिलो सेट २५-२३ ले जित्दा दोस्रो सेट १८-२५ ले गुमाउन पुग्यो । त्यसपछिको दुवै सेट किंग्सले २५-१७ र २५-२३ ले जित्न सफल भयो । शनिबार नै तय भएको फाइनल वर्षाका कारण सोमबार मात्रै हुन सफल भयो ।

च्याम्पियन किंग्सले नगद २ लाख २ हजारसँगै कप, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । दोस्रो भएको पुलिसले १ लाख १ हजार रूपैयाँ, कप मेडल र प्रमाणपत्र हात पारेको छ ।

संयुक्त रूपमा तेस्रो भएको नेपाल एपिएफ क्लब र गण्डकी प्रदेशले ७२ हजार ७ सय रूपैया, कप र प्रमाणपत्र पाएको छ ।

विजयी टोलीलाई नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्द, आयोजक किंग्स क्लबका अध्यक्ष अञ्चल शाही लगायतले पुरस्कृत गरे । २३ साउनबाट सुरु भएको प्रतियोगितामा ८ टोलीको सहभागिता रहेको छ ।

# बंगलादेशमा डेंगुबाट मृत्यु हुनेको संख्या ४०० नाघ्यो

**ढाका–** बंगलादेशमा २४ घण्टाको अवधिमा थप ११ जनाको डेंगुका कारण मृत्यु भएको पुष्टि भएको छ । योसँगै यस वर्ष डेंगु संक्रमणका कारण मृत्यु हुनेको संख्या ३९८ पुगेको स्वास्थ्य सेवा महानिर्देशनालयले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको महानिर्देशनालयको तथ्यांकअनुसार पछिल्लो २४ घण्टामा दैनिक दुई हजार ९०५ जनामा डेंगुको संक्रमण देखिएको र जनवरीयता डेंगुका संक्रमितको संख्या ८५ हजार ४११ पुगेको छ ।

पछिल्लो २४ घण्टामा अस्पताल र क्लिनिकबाट थप दुई हजार ९९१ जना निको भएर घर फर्केपछि निको हुनेको संख्या ७५ हजार २८० पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यस वर्षको अगस्टमा १४७, जुलाईमा २०४ र जुनमा ३४ जनाको मृत्यु भएको छ । गत महिना ४३ हजार ८५४ जनामा लामखुट्टेको टोकाइबाट डेंगुको संक्रमण देखिएपछि अगस्टको पहिलो १३ दिनमा थप ३३ हजार ५७९ जनामा डेंगुको संक्रमण देखिएको छ ।

एडिस लामखुट्टेको टोकाइबाट सर्ने भाइरल रोग डेंगु ज्वरा आउँदा टाउको दुख्ने, उच्च ज्वरो आउने, थकाइ लाग्ने, मांसपेशी र जोर्नी दुख्ने, ग्रन्थी सुन्निने, वान्ता हुने र चिलाउने जस्ता लक्षण हरू देखापर्छन् । एडिस मूलतः उष्णकटिबन्धीय र उपोष्णकटिबन्धीय क्षेत्रमा पाइने लामखुट्टेको प्रजाति हो । तर यो प्रजाति अहिले अन्टार्कटिकाबाहेक सबै महादेशहरूमा फैलिएको पाइन्छ । *रासस/सिन्ह्वा*

# क्षेप्यास्त्र उत्पादन बढाउन उत्तर कोरियाली नेता किमको निर्देशन

**सियोल–** उत्तर कोरियाली नेता किम जोङ उनले आगामी हप्ता दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले संयुक्त अभ्यासको तयारी गरिरहेका बेला प्रमुख हतियार कारखानाको भ्रमणका क्रममा क्षेप्यास्त्र उत्पादनमा 'व्यापक वृद्धि' गर्न निर्देशन दिएका छन् । किमले गत हप्ता एक महत्त्वपूर्ण सैन्य बैठकमा युद्धको तयारीलाई तीव्रता दिन आह्वान गरेपछि शुक्रबारदेखि शनिबारसम्म यी हतियार कारखाना (प्लान्ट) हरूको भ्रमण भएको हो ।

कोरियाली केन्द्रीय समाचार संस्था (केसिएनए)का अनुसार किमले दुई दिनसम्म गरेको निरीक्षणमा सामरिक क्षेप्यास्त्र उत्पादन गर्ने कारखाना, ठूलो क्यालिबर कन्ट्रोल मल्टिपल रकेट लञ्चर शेलका साथै बख्तरबन्द लडाकु गाडी निर्माण गर्ने प्लान्टको भ्रमण पनि समावेश छ ।

रणनीतिक क्षेप्यास्त्र प्लान्ट फ्याक्ट्री भ्रमणका क्रममा किमले प्लान्टले उत्पादनमा उत्पन्न हुने वैज्ञानिक र प्राविधिक समस्यालाई परिपूर्ण बनाएको र हतियारको आधुनिकीकरणलाई अघि बढाएकोमा सन्तुष्टि व्यक्त गरेका थिए ।

केसिएनएका अनुसार उनले विद्यमान क्षेप्यास्त्र उत्पादन क्षमतामा व्यापक वृद्धि गर्ने महत्त्वपूर्ण लक्ष्य राख्दै युद्धको तयारीलाई तीव्रता दिन कारखानाको भूमिकामाथि जोड दिएका छन् ।

किमले 'गोलाबारूदको उत्पादनमा वृद्धि सुनिश्चित गर्नुपर्नेमा जोड दिएका छन् भने उनी आफैंले बख्तरबन्द लडाकुवाहन चलाएको तस्बिरसमेत सार्वजनिक गरिएको छ ।

सरकारी रोडोङ सिनमुन पत्रिकाले सार्वजनिक गरेको तस्बिरमा किम उत्तर कोरियाले 'हालै विकसित युटिलिटी कम्ब्याट बख्तरबन्द गाडी'को चालकको सिटमा बसिरहेको देखिन्छ । किमले ट्रान्सपोर्टर इरेक्टर लञ्चर उत्पादन गर्ने कारखानाको पनि निरीक्षण गर्दै मोबाइल प्लेटोर्मको विकास र उत्पादनको महत्त्वमा उनले जोड दिएका थिए ।

उत्तर कोरियाली सेनासँग 'ठूलो सैन्य बल' हुनुपर्छ र शत्रुविरुद्ध कुनै पनि समयमा कुनै पनि युद्धको सामना गर्न पूर्णरूपमा तयार हुनुपर्छ,' किमलाई उद्धृत गर्दै केसिएनएले उल्लेख गरेको छ । 'यदि उनीहरूले आक्रमण गरे भने उत्तर कोरियाले उनीहरूमाथि धावा बोल्ने हैसियत रहनुपर्ने किमले बताएको सिनमुनले समाचारमा उल्लेख गरेको छ ।

दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले अगस्ट २१ देखि अगस्ट ३१ सम्म हुने वार्षिक 'उल्ची फ्रिडम शिल्ड (युएफएस)' अभ्यासको तयारी गरिरहेका बेला यो निरीक्षण गरिएको हो । *रासस/एएफपी*


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Senior Documentation Officer -2(F/M)
2. Public Relation Office (PRO) -3(F/M)
3. Accountant- 1 (F/M)

नोटः +2 passed, Photoshop सम्बन्धी ज्ञान भएको, Senior Documentation को लागि सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Mobile: 9848067550, 9826854801



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALIFA TEA EST TO PROVIDE DRINKS
पूर्व स्वीकृति मिति २०८०/04/२९ LT. No. 290865 चलानी नं. ६०२०६०६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Utensil Cleaner | 1 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



**Fewa HR Solutions Pvt. Ltd.**
श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः MUBARAK MOHAMMED BIN MUBARAK AL DOSSARY GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/04/२८ LT. No. 290835 चलानी नं. ६०२०६०६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED SAAD AL HARTHY TRADING EST
पूर्व स्वीकृति मितिः २०८०/04/२९ LT. No. 290872 चलानी नं.: ६०२०६०९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bull Dozer Driver | 1 | 0 | 2500 | ८८,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Felicity International Employment Agency Pvt.Ltd.**
Govt. License 226/058/059
P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED FAHAD AL AJMI CONS CO. FOR TRANSPORTATION L.L.C
पूर्व स्वीकृति मिति २०७९/०८/२० पुन विज्ञापन स्वीकृति मितिः २०८०/04/२९ LT. No. 277223 चलानी नं. ६०१९२८४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1900 | ६६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tyre Man | 1 | 0 | 1500 | ५२,४८५ | | | | | | | |

कम्पनी : LIGHTING LENGTH COMPANY
पूर्व स्वीकृति मिति २०८०/04/२९ LT. No. 290733 चलानी नं. ६०२०६१००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PAINTER | 2 | 0 | 1300 | ४२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BADRIYA TAMIR KHALAF AL-ANAZI EST. TO PROVIDE DRINKS
पूर्व स्वीकृति मिति २०८०/04/२९ LT. No. 290838 चलानी नं. ६०२०६०८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1200 | ४२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## FREE VISA, FREE TICKET !!!!
## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CELLULAR NETWORKS COMPANY IS A ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति : २०८०/04/२९ LT. No.290886 चलानी नं. ६०२०६१११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and Download Agent | 1 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
श्रम ईजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653,
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SHERBINI HELALI &PATNERS COMPANY.BRANCH
पूर्व स्वीकृति मिति २०८०/04/२९ LT. No. :290837 चलानी नं. ६०२०६०८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 8 | 0 | 2000 | ७१,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAHAIB AL-AAMAR GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०८०/04/२८ LT. No. 290524 चलानी नं. ६०२०६०८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 2 | 0 | 1000 | ४२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** १०,०००

कम्पनी : CHONG WAH PLASTIC SDN.BHD
पूर्व स्वीकृति मिति २०७९/०८/२८ LT. No. 290772 चलानी नं. ६०२०६०८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०८/२६ पुन विज्ञापन स्वीकृति मितिः २०८०/04/२९ LT. No. 277497 चलानी नं. ६०१९३१५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 39 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAJHI FOOD COMPANY.
पूर्व स्वीकृति मिति २०८०/04/२९ LT. No. 290952 चलानी नं. ६०२०६१८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1100 | ३९,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ५ गते (22nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9869078928/9801101714/9813536694
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ११११३०० | प्रति तोला - ११०७५० | प्रति तोला - १३७५ |

## नेप्सेमा सामान्य गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा न्यून अंकको गिरावट देखिएको छ। सोमबारको कारोबारमा नेप्से परिसूचक तीन दशमलव ६१ अंकले घटेर दुई हजार ७७ दशमलव २४ अंक कायम भएको छ।

विभिन्न कम्पनीका ५४ लाख १७ हजार ९२८ कित्ता सेयर रु दुई अर्ब नौ करोड १३ लाख ९० हजार ६३८ मा कारोबार भएका छन्। यो दिनको कारोबारमा बैंक, विकास बैंक, म्यानुफ्याक्चरिङ एण्ड प्रोसेसिङ, माइक्रोफाइनान्स र म्यूचुअल फण्डको उपसमूहमा हरियाली देखिएको छ भने फाइनान्स, होटल तथा टुरिजम, हाइड्रोपावर, इन्भेष्टमेन्ट, लाइफ इन्स्योरेन्स, नन् लाइफ इन्स्योरेन्स, ट्रेडिङ अन्य उपसमूहमा भने रातो देखिएको छ। ६८ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने १४५ वटा कम्पनीको सेयर मूल्य घटेको छ। साथै ११ वटा कम्पनीको सेयर मूल्य स्थिर छ।

श्री स्टार हाइड्रोपावर लिमिटेड कम्पनीको सेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने अपर स्याङ्गे हाइड्रोपावर लिमिटेडको नौ दशमलव ९७ प्रतिशत, सीवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सात दशमलव ४४ प्रतिशत, इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँच दशमलव ९० प्रतिशत र इमर्जिङ नेपाल लिमिटेडको सेयर मूल्य पाँच दशमलव ११ प्रतिशतले बढेको छ।

साथै सबैभन्दा धेरै सेयर मूल्य घट्ने कम्पनीमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड छ। कारोबारपछि बजारपुँजीकरण रु ३१ खर्ब १० अर्ब ५९ करोड ५३ लाख ४१ हजार ३४ दशमलव आठ पैसा पुगेको छ।

## ‘अर्थतन्त्र चलायमान बनाउन ठोस कदम चाल्छौं’

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले उद्योगी तथा व्यवसायीमा सरकारका तर्फबाट लगानीका लागि विश्वासको वातावरण बनाउने बताएएका छन्। प्रधानमन्त्रीले उद्योग व्यवसायको प्रवर्द्धनका लागि विश्वासिलो वातावरण बनाउन सरकारका तर्फबाट आवश्यक पहल लिने र आवश्यक निर्णयसमेत गरिने स्पष्ट पारे।

उद्योगी व्यवसायीका तीनवटा छाता सङ्गठनका पदाधिकारीसँग सोमबार आयोजित छलफलमा उहाँले व्यावसायिक वातावरण बनाउन र निजी क्षेत्रले उठाएका माग सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले जानकारी दिए।

अध्यक्ष ढकालका अनुसार सो अवसरमा प्रधानमन्त्री दाहालले जग्गा कित्ताकाटका सम्बन्धमा समेत मङ्गलबार आवश्यक निर्णय लिइने बताए। सरकारले यसअघि नै जग्गा कित्ताकाट खुलाउने निर्णय गरेको थियो। यद्यपि केही प्राविधिक जटिलताका कारण सो निर्णय कार्यान्वयन हुन सकेको थिएन। भेटमा प्रधानमन्त्री दाहालले जग्गामा कित्ताकाट खुलाउने यसअघिको निर्णय तत्काल कार्यान्वयनमा जाने बताए। अध्यक्ष ढकालका अनुसार प्रधानमन्त्री दाहालले जग्गा कित्ताकाटलगायत अन्य विषयसमेत कार्यान्वयनमा जाने बताएका थिए।

निजी क्षेत्रलाई साथमा लिएर नै आर्थिक समृद्धिको यात्रामा अगाडि बढ्ने विश्वास दिलाउँदै प्रधानमन्त्री दाहालले अर्थतन्त्र चलायमान बनाउन सरकारले ठोस कदम चाल्ने बताए। विभागीय मन्त्री, सरकारी



अधिकारी र निजी क्षेत्रका प्रतिनिधिबीचको बैठकमा प्रधानमन्त्री दाहालले अर्थतन्त्रमा क्रमशः सुधार आए पनि जनतामा विश्वास जाग्ने गरी सुधार ल्याउन अर्थतन्त्र चलायमान बनाउन अनिवार्य रहेको बताएका थिए।

बैठकमा प्रधानमन्त्रीले भने, ‘अर्थतन्त्रमा क्रमशः सुधार आएको छ। रेमिट्यान्स बढेको छ, पर्यटक आगमन वृद्धि भएको छ, राजस्व संकलनमा पनि सुधार आएको देखिन्छ, तर जनतामा आशा जाग्ने गरी, व्यवसायीमा आत्मविश्वास पैदा हुने गरी अर्थतन्त्रमा गुणात्मक सुधार आउन सकेको छैन। यसको खास कारण के हो, यसबारे सरकार र निजी क्षेत्र दुवै पक्षले गहन अध्ययन गरौँ र जे जे गर्नुपर्छ गरेर अर्थतन्त्र चलायमान बनाऔं।’

निजी क्षेत्रलाई विश्वासमा नलिईकन, सहकार्य नगरीकन अर्थतन्त्रमा सुधार ल्याउन सकिन्न भन्नेमा आफू स्पष्ट रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, ‘अर्थतन्त्र चलायमान गराउन मैले र प्रधानमन्त्री कार्यालयको तर्फबाट जेजे भूमिका खेल्नुपर्ने हो, त्यो भूमिका म खेल्छु। अर्थ मन्त्रालय र राष्ट्र बैंकले पनि आफ्नो तर्फबाट भूमिका खेल्नूस्। यहाँ हामी कोही सरकार, कोही निजी क्षेत्र छैनौं, सबै नेपाली छौं।’

छलफलमा उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले अर्थतन्त्र चलायमान गराउन प्रधानमन्त्री अत्यन्तै गम्भीर भएको आफूले पाएको बताउँदै सरकारका सबै अङ्गले सरकारलाई साथ दिनुपर्ने बताए।

छलफलमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल, नेपाल चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठले अर्थतन्त्र चलायमान बनाउन सरकारले खेलेको भूमिका सकारात्मक रहेको र समष्टिगत आर्थिक परिसूचकहरूमा सुधार आएको बताउँदै खुकुलो मौद्रिक नीति, लगानीमैत्री वातावरण र देशमा सकारात्मक सन्देश प्रवाहका निम्ति केही ठोस निर्णयहरू लिन सरकारको ध्यानाकर्षण गराएका थिए।

छलफलमा उपप्रधानमन्त्री खड्का, अर्थमन्त्री डा प्रकाशशरण महत, नेपाल सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्याल, गभर्नर महाप्रसाद अधिकारी, अर्थसचिव अर्जुन पोखरेल लगायतको सहभागिता थियो।

## कर्पोरेट

### ग्लोबल आइएमईका ग्राहकलाई मेट्रो मार्टमा विशेष छुट




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकका ग्राहकहरूलाई मेट्रो मार्टका काठमाडौं उपत्यका भित्रका स्टोरहरूबाट सामान किन्दा स्मार्ट क्यूआरमार्फत पेमेन्ट गरेमा १५ प्रतिशतसम्म छुट उपलब्ध गराउने योजना सार्वजनिक गरेको छ। यो योजनाअन्तर्गत ग्लोबल आइएमई बैंकको मोबाइल एप "ग्लोबल स्मार्ट प्लस" बाट स्मार्ट क्यूआर स्क्यान गरी भुक्तानी गर्दा १५ प्रतिशतसम्म छुट पाइनेछ। यो योजनामा एक पटकको खरिदको रु. २०० सम्म र योजना अवधिभर रु. ५०० सम्म छुट पाइनेछ।

यो योजना सिमित अवधिका लागि काठमाडौं उपत्यकाभित्रका मेट्रो मार्टको जोरपाटी, सानेपा र पेप्सीकोला स्थित स्टोरहरूमा लागू हुनेछ। बैंकले आफ्ना ग्राहकको सुविधालाई मध्यञ्जर गरी समय-समयमा यस्ता योजनाहरू ल्याएर ग्राहकहरूलाई प्रत्यक्षरूपमा लावान्भित गर्दै आएको छ। ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकले ३५९ शाखा कार्यालय, ३६७ एटिएम, ३२२ शाखा रहित बैंकिङ्ग सेवा, ६४ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट ४० लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ।

### एनआइसी एसिया लघुवित्तको वित्तीय विवरण सार्वजनिक

**काठमाडौं (प्रस)–** एनआइसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेडले आर्थिक वर्ष २०७९/८० को चौथो त्रयमास सम्मको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गरेको छ।

लघुवित्त क्षेत्रमा शाखा संजाल विस्तारमा पहिलो स्थानमा रहेको यस संस्थाले अहिलेको विषम परिस्थितिमा समेत अधिकांश वित्तीय परिसूचकहरूमा उत्साहजनक नतिजा हासिल गर्न सफल भएको छ। कर्जाको विस्तारलाई भन्दा कर्जाको गुणस्तरलाई प्राथमिकतामा राखेको यस संस्थाले चौथो त्रयमास सम्ममा कुल लघुकर्जा रु. १८ अर्ब ४५ करोड ६६ लाख पुऱ्याएको छ। प्रति सेयर आम्दानी रु.१७.२५ सहित यस आर्थिक वर्षमा रु.३० करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ। यसै गरी आर्थिक वर्ष २०७९/८० मा स्व-पूँजीमा प्रतिफल वार्षिक १२.०२ प्रतिशत रहेको छ।

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

तरलता अभावको यस विषम परिस्थितिमा समेत वित्तीय संस्थाले बचत परिचालन तर्फ भने रु.२ अर्ब २३ करोड १८ लाख पुऱ्याउन सफल भएको छ। वित्तीय संस्थाले कर्जा असुलीमा प्रभावकारी रूपमा आफ्नो स्रोत तथा साधनको परिचालन गरी उत्साहजनक नतिजा हासिल गर्दै निष्कृय कर्जालाई ४.६४% मा सिमित राख्न सफल भएको छ।

नवीनतम् प्रविधिलाई जोड दिदै संस्थाको दैनिक कृयाकलाप तथा सेवाग्राही सदस्यहरूलाई परिष्कृत सेवा प्रवाह गर्दै आईरहेको छ। जस अनुसार ई-सेवा तथा खल्ती मार्फत रकम भुक्तानीको साथै आर्थिक कारोबारहरूको एस.एम.एसमार्फत जानकारी हुने प्रणाली सुचारु भईसकेको छ।

वित्तीय संस्थालाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र वित्तीय संस्था प्रतिको भरोसाले गर्दा मुलुकभरका ७४ जिल्लामा २८७ शाखा कार्यालयहरू मार्फत लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ। यस वित्तिय संस्थाले कार्यक्रम विस्तार गर्दा लघुवित्तको मर्म र भावना अनुरूप पहुँच नपुगेको ग्रामीण स्थानिय तहहरूलाई प्राथमिकतामा राखेको छ। आर्थिक वर्ष २०७९/८० को अन्त्य सम्ममा वित्तीय संस्थाले कुल २,०७,५७६ विपन्न परिवारलाई लघुवित्त सेवा प्रदान गरेको छ। वित्तीय संस्थाले अपनाएको समयानुकुल रणनीतिका कारण छोटो समयमै राष्ट्रिय स्तरको अग्रणी लघुवित्त संस्थाको रूपमा आफुलाई स्थापित गर्न सफल भएको छ। संस्थाले उत्पादनमुलक तथा कृषि क्षेत्रमा आधारित कर्जालाई प्राथमिकतामा राखि बैंक तथा वित्तीय संस्थाहरूको न्युन उपस्थिति रहेको कालिकोट, बझाङ, बाजुरा, अछाम, दार्चुला ,मुगु डोटी, जुम्ला, डोल्पा, जाजरकोट, सल्यान जस्ता दुर्गम जिल्लाहरूमा समेत शाखा विस्तार गरी सेवा सञ्चालन गर्दै आईरहेको छ।

### सिटिजन्स बैंक र भिभान्त डेन्टलबीच समझदारी

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र कमलपोखरी, काठमाडौं स्थित भिभान्त डेन्टल हस्पिटल प्रा.लि. बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ। सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक ग्राहकहरूले भिभान्त डेन्टल हस्पिटलमा २० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।



बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८८ वटा शाखा, १४७ वटा ए.टि.एम. ३ विस्तार काउन्टर र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरूबाट १६ लाख २५ हजार भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ।

### नयाँ प्याकेजिङ र स्वादका साथ सिग्नेचरका व्हिस्की

**काठमाडौं (प्रस)–** सन् १९९४ मा स्थापित बिश्व प्रसिद्ध व्हिस्की ब्रान्ड सिग्नेचरका दुई व्हिस्की, सिग्नेचर प्रिमियर व्हिस्की र सिग्नेचर रेयर व्हिस्की नयाँ प्याकेजिङ र बोटलिङका साथ नेपाली बजारमा उपलब्ध भएका छन्। सिग्नेचर कम्पनीका अन्य अरु पेयहरू नेपाल लिकर्सको मातहतमा नेपाली बजारमा बिगतका कैयौं वर्ष देखि बिक्री हुँदै आएका छन् र प्रयोगकर्ताका मनमा बस्न सफल भएका छन्। सिग्नेचर पेयलाई नेपाली बजारमा उपलब्ध गराउने नेपाल लिकर्सले यस पल्ट भने नयाँ प्याकेजिङ, बोटलिङ र स्वादका साथ दुई व्हिस्कीलाई बजारमा भित्राएको हो।




नेपाल लिकर्सले आफ्नो स्वामित्वमा विभिन्न पेयहरू नेपाली बजारमा उपलब्ध गराउँदै आएको छ, जस मध्ये एन्टिक्यटी ब्लू व्हिस्की, सिग्नेचर प्रिमियर व्हिस्की, सिग्नेचर रेयर व्हिस्की, रोयल च्यालेञ्ज व्हिस्की, स्मिरनफ भोड्का, ब्लूरिब्यान्ड जिन र मिस्टर डोवेल नम्बर १ लक्जरी व्हिस्की आदि पर्दछन्। केहि समय अघि नेपाल लिकर्सले बजारमा ल्याएको स्मिरनफ भोड्का पनि नेपाली बजारमा उत्तिकै लोकप्रिय बन्दै गएको छ। यो पटक भने संसारकै परिचित ब्राण्ड सिग्नेचरका दुई उत्पादनलाई नयाँ प्याकेजिङका साथ नेपाली बजारमा भित्राएको हो। हालसालै नयाँ प्याकेजिङ, बोटलिङ र स्वादमा भित्रिएका दुई पेय, सिग्नेचर प्रिमियर व्हिस्की र सिग्नेचर रेयर व्हिस्की, बजारमा एक लिटर, ७५०, ३७५ र १८० एमएलका प्याकहरूमा उपलब्ध छन्।

## सबै सरकारी निकायमा विद्युतीय खरिद प्रणाली अनिवार्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी पारदर्शी, प्रतिस्पर्धी र सीमित बोलपत्रदाताको मात्र एकाधिकार नरहने वातावरण सिर्जना गर्न विद्युतीय खरिद प्रणाली कार्यान्वयनमा ल्याएको छ।

हालसम्म उक्त प्रणालीमा पाँच हजार सात सय छ सार्वजनिक निकाय, ४६ हजार ७२ इच्छुक बोलपत्रदाता, दुई हजार सात सय ४३ बैंक शाखा आबद्ध भइसकेको सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव डा दामोदर रेग्मीले जानकारी दिए।

उक्त प्रणालीमा हालसम्म एक लाख ५९ हजार छ सय ६० बोलपत्र सूचना प्रकाशित भइसकेका र पाँच लाख ५२ हजार नौ सय चार बोलपत्र प्रतिस्पर्धाका लागि समावेश भइसकेका छन्। सबै सार्वजनिक निकायले रु २० लाखभन्दा बढीको बस्तु वा सेवा परामर्श सेवा खरिद गर्दा वा निर्माण गराउँदा विद्युतीय खरिद प्रणाली अवलम्बन गर्नुपर्ने अनिवार्यता छ।

त्यसका लागि सबै सार्वजनिक निकाय र इच्छुक बोलपत्रदाता सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्माण गरेको विद्युतीय खरिद सूचना प्रणाली बोलपत्र डट गभ डट एनपीमा आबद्ध हुन उक्त कार्यालयमा निवेदन दिइ युजर नेम र पासवर्ड प्राप्त गर्नुपर्ने सचिव डा रेग्मीले बताए।

यसका लागि विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० र सो निर्देशिका कार्यालयको वेबसाइटमा उपलब्ध छ। तीन तहका सरकारका अतिरिक्त सबै सार्वजनिक निकायले यो प्रणालीको अवलम्बन गर्नु अनिवार्य रहेको जनाइएको छ।

सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार, सबै संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सोअन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालयले २० लाखभन्दा बढीको खरिदमा बोलपत्र प्रणाली र विद्युतीय खरिद प्रणाली अनिवार्यरूपमा अवलम्बन गर्नु पर्नेछ।

सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैंक वा समिति वा प्रचलित कानुनबमोजिम सार्वजनिकस्तरमा स्थापित वा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्रले पनि त्यसअनुसार कार्य गर्नुपर्नेछ।

परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था, सरकारद्वारा सञ्चालित पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था, सबै स्थानीय तह, विकास समिति ऐन, विकास समिति, नेपाल सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्थालेसमेत विद्युतीय खरिद प्रणाली अनिवार्यरूपमा अवलम्बन गर्नुपर्नेछ।

कार्यालयले यस कार्यमा सहजताका लागि विद्युतीय खरिद प्रणालीको तालिम सघनरूपमा सञ्चालन गर्न लागेको र खरिद गर्ने निकायमा रहेका अस्पष्टता निवारण गर्न ‘प्रोक्युरमेन्ट क्लिनिक’समेत सञ्चालन गर्न लागेको छ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **प्रभाव पब्लिकेशन प्रा.लि.** को **रेभिन्यू शाखामा कलेक्टर** पदमा कार्यरत **विदुरनाथ पौडेल** कुनै सूचनाविना कार्यालयमा अनुपस्थित भई सम्पर्कबाहिर रहेको हुँदा यस प्रा.लि.को सञ्चालक समितिको निर्णयअनुसार निजलाई सम्पूर्ण जिम्मेवारीबाट हटाइएको जानकारी गराउँदै आजको मितिबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनुहुन सम्बन्धित सबैलाई यसै सूचनामार्फत आग्रह गर्दछौं। साथै, आजको मितिबाट कसैले निजसँग आर्थिक वा अन्य कारोबार गरेमा यस प्रा.लि. जवाफदेही नहुनेसमेत जानकारी गराउँछौं।

**प्रभाव पब्लिकेशन प्रा.लि.**
Shifal-7, Kathmandu, Nepal, Tel: +977-1-4373577, Whatsapp: 9761815400
E-mail : marketing2prabhab@gmail.com, prabhbadaily@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ